# वानीरा अभिलेख



वानीरा फाउन्डेसन

# चाँदीरा अभिलेख

(२०८१)

बानीरा फाउन्डेसन

काठमाडौं, नेपाल

# थानीरा अभिलेख

सम्पादक

भगवती बस्नेत

प्रकाशक : **वानीरा फाउन्डेसन**
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ५९१०८२८, ४७७१४५५
मोवाइल : ९८५१०१६८९९, ९८४१२२४५९३, ९८६५४९०९३९
Email : banirafoundation@gmail.com
website : banira.com.np
शुद्धाशुद्धि : लवप्रसाद भण्डारी
कम्प्युटर : आयुष्मान शाक्य
दोस्रो संस्करण : २०८१ साल
मुद्रक : ऋचा अफसेट प्रेस
© सुरक्षित, २०८० (2023)
ISBN:978-9937-1-3865-9
**BANIRA AVILEKH**
Edited by Bhagawati Basnet

# प्रकाशकीय

इन्जिनियर शङ्कर गिरिको हार्दिक सङ्कल्पअनुसार नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरिको व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र अनुसन्धान गर्नका लागि वानीरा फाउन्डेसन (२०७६) स्थापना भएको हो । साहित्य, कला र संस्कृतिसम्बन्धी कार्य गर्ने; वाङ्मयबारेका कृतिहरूको प्रकाशन गर्ने; वाङ्मयसेवीलाई विद्वत्वृति प्रदान गर्ने; साहित्यिक सभा, सम्मेलन र गोष्ठीहरूको आयोजना गर्ने आदिका अतिरिक्त देशदेशान्तरका वाङ्मयसेवीहरूको सम्मान तथा वाङ्मयसम्बन्धी विविध अनुसन्धानसमेत गर्ने वानीरा फाउन्डेसनको उद्देश्य रहेको छ ।

इन्जिनियर शङ्कर गिरिद्वारा आफ्नी धर्मपत्नी नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरिका स्मृतिमा स्थापित वानीरा फाउन्डेसनको भवन २०७९ साल वैशाख २० गते (अक्षय तृतीयाका दिन) उद्घाटन भएको हो । सो फाउन्डेसनको सम्पूर्ण सेरोफेरो ई.गिरिको निजी खर्चमा तयार भएको हो ।

काठमाडौँको बानेश्वरमा स्थापित वानीरा फाउन्डेसनको भवनमा डा.गिरिविषयक कृतिहरू, डा.गिरिले प्रयोग गर्ने केही पोसाक, गहना र सामाग्रीहरू सङ्कलित गरिएका छन् । ई.गिरिद्वारा नै सो भवनको परिसरमा डा.गिरिको ऊन्नै छ फुट उचाइको पूर्ण कदको सालिकको कल्पना हुनु पनि सो भवनको अर्को आकर्षण र पतिको पत्नीप्रतिको समर्पणको नमुना मानिन्छ ।

डा.वानीरा गिरि नेपाली भाषामा कविता, कथा, उपन्यास, निबन्ध, समालोचना र अन्वेषणमूलक प्रबन्ध लेखनकी नारीचुली हुन् । उनी नेपाली साहित्यमा विद्यावारिधि गर्ने प्रथम नारी हुन् । यसै गरी नेपाली साहित्यको प्रतिनिधित्व गरेर 'अफ्रो एसियाली लेखक सम्मेलन'मा भाग लिन सोभियत रूस पुग्ने प्रथम स्रष्टा महाकवि लक्ष्मीप्रसाद देवकोटा थिए भने दोस्रो व्यक्ति अर्थात् प्रथम नारीस्रष्टा वानीरा गिरि हुन् ।

एक्काइसौँ शताब्दीको विश्वव्यापीकरणको युग सुहाउने कार्यका रूपमा नेपालका अतिरिक्त विश्वभर छरिएर रहेका नेपाली नारीस्रष्टाका प्रतिनिधिस्वरूप विश्व नेपाली नारीस्रष्टाकै आह्वानसमेतको कदर गर्दै डा.वानीरा गिरिलाई २०७१ साल जेठ १६ गते प्रधानमन्त्री सुशील कोइरालाबाट 'नेपाली साहित्यका विश्वनारी रत्न'को उपाधि प्रदान गरिएको थियो ।

वानीरा फाउन्डेसनले आफ्नो यस यात्रालाई गौरवशाली ढङ्गबाट अगाडि बढाइरहेको छ । यसै परिवेशमा 'वानीरा अभिलेख' पनि प्रकाशनमा ल्याएका छौँ । यस कृति नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरिको व्यक्तित्व र कृतित्वलाई अक्षुण्य राख्ने हेतु स्थापित वानीरा फाउन्डेसनको मुखपत्र हो र यो कृति यसै संस्थाको सेरोफेरोमा आबद्ध हुने छ ।

'वानीरा अभिलेख'का सम्पादक भगवती बस्नेत नेपाली भाषासाहित्यको सृजना र सङ्गठनमा परिचित नाउँ हो। वानीरा फाउन्डेसनका संस्थापक सदस्य तथा कार्यक्रम संयोजक बस्नेतद्वारा यस कृतिको कुशल सम्पादन भएको छ ।

'वानीरा अभिलेख'नामक कृति प्रकाशित गर्न पाउनु वानीरा फाउन्डेसनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

**• इन्दिरा प्रसाई**

अध्यक्ष

# विषयसूची


१. सम्पादकीय • ९
२. वानीरा फाउन्डेसनको परिचय • ११
३. डा.वानीरा गिरिको सङ्क्षिप्त जीवनी • १५
४. वानीरा गिरिका कृतिसूची • २४
५. वानीरा फाउन्डेसनका पुरस्कार • २५
६. वानीरा पुरस्कारबाट पुरस्कृतहरू • २७
७. वानीरा फाउन्डेसनबाट २०८० सालमा पुरस्कृत प्राज्ञको परिचय
- प्रा.पुष्कर लोहनी • २८
- नाटचभूषण श्री मदनदास श्रेष्ठ • ३०
- श्रीमती अनिता तुलाधर • ३२

८. वानीरा फाउन्डेसनबाट पुरस्कृत प्राज्ञका भाषण • ३४
९. वानीरा फाउन्डेसनका दाता तथा संस्थापकको परिचय • ६७
१०. वानीरा फाउन्डेसनको गठन • ६८

# सम्पादकीय

नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरिको नाउँ भन्नासाथ नेपाली साहित्यको एउटा सिङ्गो आकाशको बलियो नक्षत्र भन्ने बुझिन्छ । नेपाली साहित्याकाशका अजर नाउँ वानीरा गिरिलाई थप अमर बनाउने काम वानीरा फाउन्डेसनले गरेको छ । वानीरा फाउन्डेसनको निर्माण गरेर इन्जिनियर शङ्कर गिरिले नेपाली समाजमा पत्नीप्रेमको अनुपम उदाहरण प्रस्तुत गर्नुभएको छ ।

वानीरा फाउन्डेसन केवल वार्षिक साहित्यिक पर्व मनाउने एउटा संस्था मात्र होइन । वानीरा फाउन्डेसन एउटा सङ्ग्रहालय पनि हो । यस संस्थाको आफ्नै भवन रहेको छ । नेपाल प्रज्ञाप्रतिष्ठानपछाडि कुनै पनि स्रष्टाकै नाउँमा स्थापित साहित्यिक संस्था छ भने त्यो केवल वानीरा फाउन्डेसन नै हो भन्ने मेरो ठम्याइ छ । साथै वानीरा फाउन्डेसनको प्राङ्गणमा नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरिको पूर्ण कदको प्रतिमा रहेको छ । सो भवनको एक तलामाथि वानीरा सभागृह (सभाकक्ष) रहेको छ भने त्यसभन्दा माथिल्लो तलामा वानीरा सङ्ग्रहालय र बैठककक्ष रहेको छ ।

नेपाली साहित्यमा डा.वानीरा गिरि स्वयम् निबन्ध, कविता र उपन्यास क्षेत्रको एउटा विशिष्ट स्रष्टाको नाम हुँदै हो । डा.गिरिको साहित्यको गरिमाले नेपाली साहित्य संसारलाई महिमाशाली र गर्विलो बनाएको छ । डा.गिरिको सिर्जनात्मक व्यक्तित्व ई.शङ्कर

गिरिद्वारा डा.गिरिका नाउँमा स्थापना गरिएको वानीरा फाउन्डेसन नेपाली भूगोलमा एउटा चमत्कारी र गौरवशाली विषय बनेको छ । डा.वानीरा गिरि लेखक मात्र नभएर उहाँले आफूभन्दा ठूला र साना सबैलाई सम्मान र माया गर्नुहुन्थ्यो । उहाँले जसरी साहित्यको सिर्जनामा नाउँ चलाउनुभएको थियो त्यसै गरी प्रतिभाशाली र गरिमाशाली व्यक्तित्वहरूसँगको सम्पर्कमा पनि उहाँ नजिकै रहनुभएको प्रमाण वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशी पनि एक देखिनुहुन्छ । यसै परिप्रेक्ष्यमा 'नइ र मेरो शताब्दी' (२०७९) नामक निबन्धकृतिमा डा.सत्यमोहन जोशीले लेख्नुभएको छ– 'यस संस्था (वानीरा फाउन्डेसन) ले पनि नेपाली साहित्यमा कीर्तिमान राख्छ भन्ने मैले आशा राखेको छु । वानीरा गिरिको जीवनकालमा म उनको घर गएको छु । वानीरा फाउन्डेसनका दाता र संस्थापक शङ्कर गिरिका कामसँग म धेरै प्रभावित छु, उनी ठूलो मन भएका व्यक्ति रहेछन् । श्रीमतीका लागि यसरी एकचित्त भएर लागिपर्ने मान्छे प्रायः हाम्रो समाजमा भेटिँदैनन् । धन भएर मात्र हुँदैन, शङ्कर गिरिको त मन पनि विशाल रहेछ ।' वास्तवमा वाङ्मय शताब्दी पुरुष डा.जोशीको विचारसँग मिल्ने भावना वानीरा फाउन्डेसनका विषयमा धेरै प्राज्ञहरूले लेखिसकेका र बोलिसकेका पनि छन् ।

'वानीरा अभिलेख'जस्तो महत्त्वपूर्ण कृतिको सम्पादनको जिम्मा वानीरा फाउन्डेसनले मलाई दिएकोमा म संस्थाप्रति थप कृतज्ञ बनेकी छु । 'वानीरा अभिलेख' नेपाली साहित्यको इतिहासका लागि पनि थप महत्त्वको हुने छ भन्ने मलाई विश्वास लागेको छ ।

**• भगवती बस्नेत**

# वानीरा फाउन्डेसनको परिचय

'श्रीस्वस्थानी व्रतकथा'मा भगवान् शङ्करले आफ्नी पत्नीउपरको प्रेममा डुबेर पार्वतीको लासलाई एक महिनासम्म बोकेर जगत् परिक्रमा गरेका थिए । आफ्नी पत्नीको निधन भएपछि उनले आफूलाई समेत भुलेका थिए । यस्तो किसिमको कथा पढ्नेहरूका लागि वानीरा फाउन्डेसन नयाँ कुरा मानिँदैन । तर नेपाली परिवेशमा शङकर गिरिले आफ्नी पार्वतीका लागि जसरी मन रोपे, धन रोपे र तन पनि रोपे; यो बेहोराचाहिँ उदाहरणीय बन्यो । वास्तवमा उनले आफ्नी सद्दे, स्वस्थ्य वा तन्दुरुस्त पत्नीका लागि आफ्नो गच्छे अर्पण गरेका थिएनन् । उनले त अल्जाइमर भएकी, डिप्रेसनले ग्रस्त भएकी र शारीरिक रूपमा झन्नै निर्जीव अवस्थामा रहेकी आफ्नी पत्नीको सम्मान, प्रेम र समर्पणमा 'वानीरा फाउन्डेसन'को स्थापना गरे । शङ्कर गिरिको आफ्नी पत्नीउपरको यस कार्यलाई शाहजहाँले आफ्नी प्रेमिका मुमताजका लागि बनाएको ताजमहलसँग पनि तुलना गरे हुन्छ । त्यसैले वानीरा फाउन्डेसनलाई नेपाली परिवेशमा शङ्कर गिरिनिर्मित साहित्यको ताजमहल हो भने पनि हुन्छ ।

वानीरा फाउन्डेसन निजी क्षेत्रमा नेपाली भाषासाहित्यको हालसम्मकै उच्च धन राशिबाट निर्माण गरिएको विशेष प्राज्ञिक संस्था हो । वर्तमान मूल्यमा पाँच करोड राशिको नगद र जिन्सीमा यो संस्था आबद्ध छ । यस संस्थालाई नेपाल सरकारको लगतमा

समेत दर्ता गरिएको छ । दर्ता गर्ने क्रममा यस विधानको प्रस्तावनामा लेखिएको छ–

'इन्जिनियर शङ्कर गिरिको हार्दिक सङ्कल्पअनुसार नेपाली भाषासाहित्यका विश्वनारी रत्न डा.वानीरा गिरिको व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र अनुसन्धान गर्नुको साथै देश देशान्तरका स्रष्टाहरूको समेत अध्ययन, विश्लेषण, अनुसन्धानका अतिरिक्त सम्मान, पुरस्कार र सहयोग गर्ने हेतुले 'वानीरा फाउन्डेसन' स्थापना भएको छ ।'

वानीरा फाउन्डेसन शङ्कर गिरिको मनको चोखो प्रेमबाट सिर्जना भएको एउटा साहित्यिक मन्दिर हो । यस संस्थाको अविच्छिन्न सञ्चालनका लागि शङ्कर गिरिद्वारा आफ्नो र आफ्नी पत्नीका नाउँमा भएको जग्गा नै अर्पण गरिएको छ । यसै प्रसङ्गमा वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशीले भने– 'डा.वानीरा गिरिका लागि शङ्कर गिरिले जति गरे, धेरै गरे । यसरी आफ्नी पत्नीका लागि कुनै नेपालीले यत्तिको विराट् काम गरेको मैले सुनेको थिएन । शङ्कर गिरिको भावना कति ठूलो रहेछ भन्ने कुरा वानीरा फाउन्डेसनको स्थापना, वानीराको पूर्ण कदको सालिक र भव्य भवनले पूरै प्रमाणित गरिसकेको छ ।'

शङ्कर गिरिको संरक्षकत्व र अध्यक्षतामा वानीरा फाउन्डेसनको स्थापना भएको थियो । फाउन्डेसनको भवन तथा सङ्ग्रहालयको निर्माण भएपछि गिरिले आफू संस्थाको संरक्षकमा मात्र बस्न मन्जुर गरे । त्यसपछि फाउन्डेसनका उपाध्यक्ष इन्दिरा प्रसाईको अध्यक्षतामा संस्थाको कार्यसमिति बन्यो ।

नेपालमा थुप्रै साहित्यिक पुरस्कार गुठी र साहित्यिक संस्थाहरूको स्थापना भइसकेका छन् । स्रष्टाकै नाउँमा उनीहरूकै परिवारद्वारा स्थापित संस्थाहरू औंलामा गन्न सकिने अवस्थामा

रहेको बेला वानीरा फाउन्डेसनको पनि स्थापना भएको छ । वानीरा गिरि स्वयम् नेपाली भाषासाहित्यका महारथीको नाउँ हो । वानीरा गिरि भन्नु नेपाली साहित्यका नारीचुलीको पनि नाउँ हो । अनि वानीरा गिरि भन्नु नेपाली साहित्यका विश्वनारी रत्नको नाउँ हो । त्यस्ती जाज्वल्यमान साहित्यकी शिखर व्यक्तित्वका नाउँमा स्थापना भएको 'वानीरा फाउन्डेसन'लाई एउटा गौरवशाली संस्थाका रूपमा ग्रहण गरिन्छ ।

वानीरा फाउन्डेसन नेपाली साहित्यको अर्को एउटा शिखर संस्थाको नाउँ हो । जुन नाउँ नै उसको कामको प्रतिनिधिका रूपमा अघि सरेको छ । साथै यो गैरराजनैतिक संस्था हो, यसमा केवल साहित्यसम्बन्धी मात्र कार्य हुन्छ र यो गैरनाफामूलक संस्था हो । वानीरा फाउन्डेसनका उद्देश्य यस प्रकार रहेका छन्–

(क) यो संस्था मुनाफारहित जनहितकारी, सामाजिक संस्था हुनेछ; (ख) यस संस्थाले साहित्य, कला तथा संस्कृतिसम्बन्धी कार्य गर्नेछ; (ग) यस संस्थाले वाङ्मयबारे सङ्ग्रहालय तथा पुस्तकालय स्थापना गर्नेछ; (घ) यस संस्थाले डा.वानीरा गिरिविषयक पुस्तकालय र सङ्ग्रहालय बनाउनेछ; (ङ) यस संस्थाले डा.वानीरा गिरिका प्रकाशित साहित्यिक कृतिहरूको पुन: प्रकाशन वा अप्रकाशित कृतिहरूको प्रकाशन गर्ने गराउनेछ; (च) यस संस्थाले विविध विषयका कृतिहरूको प्रकाशन गर्ने गराउनेछ; (छ) यस संस्थाले जेहेनदार तथा आर्थिक रूपमा विपन्न विद्यार्थीलाई छात्रवृत्ति दिने दिलाउनेछ; (ज) यस संस्थाले वाङ्मयसेवीलाई विद्वतवृत्ति दिने दिलाउनेछ; (झ) यस संस्थाले नेपाली भाषा, साहित्य, संस्कृति एवम् कलासम्बन्धी गोष्ठी, सेमिनार आदि समारोहको आयोजना गर्ने गराउनेछ; (ञ) यस संस्थाले देश देशान्तरका प्रतिभाहरूलाई सम्मान वा पुरस्कार प्रदान गर्ने गराउनेछ; (ट) यस संस्थाले साहित्य, संस्कृति एवम् कलासम्बन्धी अध्ययन, शोध तथा अनुसन्धान गर्ने

गराउनेछ; (ठ) यस संस्थाले साहित्य, कला र संस्कृतिबारे विविध कार्यहरू गर्ने गराउनेछ ।

अत: नेपाली साहित्यको श्रीवृद्धिका लागि स्थापित वानीरा फाउन्डेसन एक जना नारीस्रष्टा वानीरा गिरिको व्यक्तित्व र कृतित्वमा आबद्ध भएर पनि 'वसुधैव कुटुम्बकम्'को सिद्धान्तमा पनि आधारित रहेको छ ।

डा.वानीरा गिरि नेपाली धराकी विशिष्ट सर्जक हुन् भन्ने कुरा उनका कृतिहरूले उजागार गरिसकेको नै विषय हो । 'वानीरा फाउन्डेसन'बाट उनको व्यक्तित्व र कृतित्वको सुवास थप मगमगाउनेछ । साथै नेपाली जगत्मा पतिले आफ्ना पत्नीका लागि बिरलै स्थापना गरिने यस प्रकारका गुठीहरूमा 'वानीरा फाउन्डेसन'ले आफूलाई शीर्षस्थ आसनमा पुऱ्याएको छ । प्रेम र दाम्पत्यको खडेरी पर्दै गएको वर्तमान कालखण्डका लागि 'वानीरा फाउन्डेसन' प्रेरक, उदाहरणीय र स्तुत्य पनि बनेको छ । त्यसै गरी आफ्नी पत्नीका नाउँमा 'वानीरा फाउन्डेसन'को स्थापना गरेर इन्जिनियर शङ्कर गिरि नेपाली भाषासाहित्यका लागि थप आदरणीय, सम्माननीय र श्रद्धेय व्यक्तित्वका रूपमा समेत सुपरिचित भएका छन् ।

• नरेन्द्रराज प्रसाई 'नेपाली साहित्यका विश्वनारी रत्न : वानीरा गिरि' (तेस्रो संस्करण : २०७९)

•••

वानीरा फाउन्डेसन जिल्ला प्रशासन कार्यालय, काठमाडौँबाट सङ्घसंस्था दर्ता ऐन २०३४ को दफा ४ बमोजिम २०७६ जेठ २३ गते दर्ता भएको थियो । वानीरा फाउन्डेसनको विधानअनुसार संस्थाले आफ्ना कार्यहरूलाई मर्यादित रूपमा परिचालित गर्दै आएको छ र यसै अनुरूप संस्था परिचालित हुँदै जानेछ ।

# डा.वानीरा गिरिको सङ्क्षिप्त जीवनी

**मान्छे जूनको अनुहार**
**अघिल्तिर प्रकाश र उज्यालो**
**पछिल्तिर कुरूपता र अनन्त अन्धकार**
**यस अर्थमा जून**
**एउटी किचकन्नी हो ।**

डा.वानीरा गिरिका कवितामा गहनता ढाकिएका हुन्छन्, वास्तविकता ओगटिएका हुन्छन् र यथार्थता भरिएका हुन्छन् । गिरि कवितामा जीवन लेख्थिन् र जीवनै कवितामा लेख्थिन् । गिरिका भावभावमा अर्थको साङ्ले पुल जोडिएको हुन्छ । त्यसैले उनी कवितामय धर्तीको गीत लेखेर थाक्तिन थिइन् । उनका कवितामा एकातिर दर्शनले साँध लगाएको हुन्छ भने अर्कातिर उनका काव्यात्मक बिम्बमा लालुपाते फुलेको हुन्छ । वास्तवमा उनी जीवन र जगत्का प्रसङ्गलाई अलङ्कारमय बनाउँथिन् । उदाहरणका लागि भन्ने हो भने जूनअगाडि जति सुन्दर भए पनि जूनकै पछिल्लो भाग कालै हुन्छ; अर्थात् त्यहाँ सायद किचकन्नी पनि बसेकी हुन्छे । मान्छे अगाडि मुखले ठिक्क पार्छ तर पछाडिपट्टिबाट उसले आफन्तकै डँडेल्नामा छुरी पनि हान्छ । वानीरा गिरिको परिभाषाबाट हेर्ने हो भने मान्छेहरूमध्येकै मान्छे पनि किचकन्नीको अर्को रूप हुन सक्छ ।

वानीरा गिरिको जन्म दार्जिलिङको खरसाङमा २००२ साल चैत २९ गते भएको थियो । इन्द्रराज गिरि र जानकीदेवी गिरिका

छ जना सन्तानमध्ये सबैभन्दा कान्छी छोरीका रूपमा वानीरा गिरिको जन्म भएको थियो । उनको न्वारनको नाउँचाहिँ सत्यदेवी थियो ।

वानीराले चार वर्षदेखि नेपाली वर्णमाला पढ्न थालिन् । त्यति बेला उनी आफ्नै गाउँको स्कट मिसन स्कुलमा भर्ना भएकी थिइन् । त्यस स्कुलबाट उनले छैटौँ कक्षा उत्तीर्ण गरिन् । उनी कक्षा एकदेखि छसम्म पढाइमा प्रथम भइरहिन् । त्यसपछि उनलाई त्यहीँको सेन्ट जोसेफ स्कुलमा स्थानान्तरण गरियो । त्यहाँ पनि उनी कहिले कक्षामा प्रथम र कहिले द्वितीय हुन्थिन् । साथै त्यही स्कुलबाट उनले २०१६ सालमा एसएलसी पास गरिन् ।

वानीरा गिरिले सानैमा स्वावलम्बनको पाठ पढेकी थिइन् । उनी सानैदेखि आफ्नो घरका सबै काम आफैँ गर्थिन् । घरधन्दा र घरव्यवहारमा उनी त्यसै बेला निपुण थिइन् । आफ्नो खुट्टामा आफैँ टेक्ने हिसाबले गर्दा किशोरावस्थामा पुगेपछि उनले कुखुरा पाल्दै बेच्तै पनि गरेकी थिइन् ।

वानीरा गिरि सात वर्षकी हुँदा उनकी आमा स्वर्गीय भइन् । त्यसपछि उनका बुबाले छोरीलाई बोकीबोकी हिँडे । छोरीको पढाइलेखाइबाट इन्द्रराज गिरि धेरै सन्तुष्ट थिए त्यसैले उनी छोरीको भविष्य लगेर डाक्टरमा जोड्न पुग्थे । सोहीअनुरूप वानीराले पनि आईएस्सी पढिन् । आईएस्सीको अन्तिम परीक्षा आउनु केही दिन अघि वानीराको टाउकामा अर्को पहाड आएर बज्रियो । भनूँ, त्यस घडी उनका बुबाको पनि स्वर्गारोहण भयो । त्यसपछि वानीराको जीवन आँधीहुरीभित्रको जहाजझैँ हुन थाल्यो । तर पनि पुन: परीक्षा दिएर उनले आईएस्सीचाहिँ पास गरिन् ।

बुबाको निधन हुनु भनेको वानीराको जीवनको यात्रा पिटिक्कै भाँचिनु थियो । तर उनले आफ्नो जीवनलाई भाँचिनबाट जोगाइन् ।

त्यसपछि उनलाई आर्थिक अवस्थाले भने साह्रै सतायो, तर पनि उनी आत्तिइनन् । उनी आफ्नो यात्रामा कलिला पैताला फट्कार्दै अगि बढिन् । खास गरेर उनले त्यस घडी कथा, कविता र निबन्धहरू पनि लेखिन् । त्यति बेला उनको त्यो लेखन आत्मसन्तुष्टिको बाटोका कारणले मात्र नभई पारिश्रमिक लिने अभिप्रायले पनि प्रेरित थियो ।

वानीरा सानैदेखि कवितालेखनमा जोडिएको नाउँ थियो । एघार वर्षकै उमेरमा उनी कवितालेखनमा पुरस्कृत भइसकेकी थिइन् । उनका विषयमा जनराष्ट्रकवि ईश्वरवल्लभले भनेका थिए– 'बहिनी वानीरा एउटी सशक्त कवयित्री थिइन् । उनको भविष्यको काव्यभूमिको राप मैले त्यति बेलै देखेको थिएँ । त्यसैले अगमसिंह गिरिले आयोजना गरेको कविगोष्ठीमा मैले उनलाई पुरस्कारस्वरूप केही कृति दिएको थिएँ ।'

वानीरामा परेको बज्रपातले उनी साहित्यको गुभो बनिन् । तर बुबाको निधनपछि वानीराको डाक्टर पढ्ने सपना भने चकनाचुर भयो । त्यसपछि उनी बिए पढ्न भर्ना भइन् । त्यति बेला उनले बिए पढ्दै स्कुल पढाउँदै गर्न थालिन् । त्यतिखेर उनले पढाउने स्कुल थियो– सेन्ट जोसेफ स्कुल; जुन स्कुलमा उनले पहिला पढेकी थिइन् । त्यतिले मात्र घरधन्दा धान्न नसकेर उनले विद्यार्थी भेला पारेर घरमा टयुसन पनि पढाइन् । उनले आफ्नो पसिनाको फल पनि कमाइन् र २०२२ सालमा उत्तर बङ्ग विश्वविद्यालयबाट स्नातक उत्तीर्ण गरिन् ।

नाचगान, पढाइ, व्यवहारजस्ता विविध पक्षमा दार्जिलिङमा वानीरा गिरिलाई सबैले मन पराउने गर्थे । नाचगानको कुरा गर्ने हो भने उनी सानैदेखि यस विषयमा पनि केन्द्रित थिइन् । उनी जसरी कथा, कविता लेख्थिन् त्यसै गरी स्कुलमा आयोजित सांस्कृतिक कार्यक्रममा सहजतापूर्वक भाग लिने गर्थिन् । सर्वप्रथम तेस्रो कक्षामा

उनले कलाकारको भूमिका पनि निर्वाह गरेकी थिइन् । चौथो कक्षामा पनि यिनले नाटकमा आफ्नो भूमिका देखाएकी थिइन् । चाहे वक्तृत्वकलामा होस्, चाहे गायनमा होस्, चाहे नृत्यमा होस् र चाहे नाटकमा होस् जुनसुकै विषयमा भाग लिए पनि उनी प्रतियोगितामा प्रथम हुन्थिन् र कहीँ कतै द्वितीय पनि हुन्थिन् । कविता प्रतियोगितामा पनि उनको स्तर अग्रपङ्क्तिमा नै हुन्थ्यो । यिनी आफू मात्र कविता लेख्तिनथिन् अरूहरूलाई पनि प्रोत्साहन दिन्थिन् । उदाहरणका लागि भन्ने हो भने त्यस बेला यिनले 'मुटु' नाउँको भित्तेपत्रिका पनि निकालिन् । एघारै वर्षको उमेरमा एउटी बालिकाले भित्तेपत्रिका सम्पादन र प्रकाशन गर्दा स्कुलका सम्पूर्ण शिक्षकहरू छक्क परेका थिए ।

वानीरा गिरिले स्नातक गरेपछि एमए पढ्ने पनि रहर गरिन् । तर उनका अगाडि त्यो त्यति सम्भवको कुरो थिएन । यति हुँदाहुँदै पनि दैवको बेठी बजेर उनका लागि एमए पढ्ने वातावरण निर्माण भयो । भनौँ, राजा महेन्द्र उनको जीवनमा दाहिना भएर उभिए । त्यसैले राजाकै इच्छामा उनी बिएको पुर्जा हातमा बोकेर २०२२ सालमा काठमाडौँ आइन् र एमएमा भर्ना लिइन् । वास्तवमा वानीराकै लागि राजा महेन्द्रले भारतीय विद्यार्थीलाई नेपाली पढ्नका लागि महेन्द्र छात्रवृत्तिको स्थापना गरेका थिए । अनि सोहीअन्तर्गत नै उनले एमए पढ्न भर्ना पाएकी थिइन् ।

किशोरावस्थाको ऋट्का चुडिँदानचुडिँदै अर्थात् काठमाडौँ टेकेपछि वानीराको शङ्कर गिरिसँग पनि परिचय भयो । उनीहरूको परिचय मात्र भएन, प्रेम नै भयो । अन्ततः डा.गिरिको विवाह २०२३ सालमा जनकपुरका इन्जिनियर शङ्कर गिरिसँग भएको थियो । यी दम्पतीबाट एक छोरी अपराजिता र एक छोरा अपूर्वको जन्म भयो । पछिल्ला दिनमा उनीहरूका छोराछोरीले अमेरिकामा नै बसोबास गरे ।

नेपाली विषयमा एमए उत्तीर्ण भएपछि वानीरा गिरिले पढाउने काम पाइन् । उनी २०२५ सालदेखि पद्मकन्या कलेजमा प्राध्यापन पेसामा आबद्ध भइन् । केही वर्ष उनले ललितकला क्याम्पसमा पनि पढाएकी थिइन् । त्रिभुवन विश्वविद्यालयको स्थायी उपप्राध्यापक भएपछि उनले सोही विश्वविद्यालयबाट एमएड पनि उत्तीर्ण गरेकी थिइन् । अनि पढाइमा उनको हौसला अझै चुलिँदै गयो । त्यसपछि उनले विद्यावारिधि गर्ने सोच बनाइन् । उनले यस विषयमा एउटा चिन्तन गरिन् र आफूलाई मन पर्ने कविलाई पिएचडीको नायक छानिन् । अनि उनले विषय बनाइन्– 'गोपालप्रसाद रिमालका काव्यमा स्वच्छन्दतावाद ।' यसै विषयमा उनले २०४२ सालमा पिएचडी गरिन् र नेपाली साहित्यमा पिएचडी गर्ने उनी प्रथम नारी भइन् ।

प्राध्यापन गर्दै जाँदा वानीरा गिरि पद्मकन्या क्याम्पसमा चर्चित पनि भइन्, किनभने उनी खालि प्राध्यापनमा मात्र परिचित थिइनन् । त्यति बेलासम्ममा उनी नेपाली साहित्यको एउटी सशक्त कवयित्रीका रूपमा पनि स्थापित भइसकेकी थिइन् ।

वानीरा गिरिले बाल्यकालदेखि नै आफूलाई साहित्यतर्फ लगाए तापनि पहिलोपल्ट उनको औपचारिक कविता २०२० सालमा छापिएको थियो । डीके खालिङको सम्पादनमा दार्जिलिङबाट प्रकाशित 'दियो'मा 'मेरो साथी भन्छ' शीर्षक कविता छापिएपछि वानीरा अक्षरका माध्यमबाट पनि जनसमक्ष प्रस्तुत भएकी थिइन् । त्यसपछि उनी कवितालेखनमा क्रमश: चम्कँदै गइन् । दार्जिलिङका विभिन्न पत्रपत्रिकाका अतिरिक्त काठमाडौँका पनि अनगिन्ती पत्रपत्रिकामा उनका रचनाहरू प्रकाशित भइरहे । कृतिकारका रूपमा चाहिँ उनी २०३१ सालमा देखा परिन् । त्यति बेला उनको 'एउटा एउटा जिउँदो जङ्गबहादुर'नामक कवितासङ्ग्रह प्रकाशित भयो ।

डा.गिरिका कविता, निबन्ध र उपन्यास गरेर तेह्र वटा कृति प्रकाशित भए । साथै उनका कृति विश्वका विविध भाषामा अनुवाद भएका छन् । २०७० सालमा नरेन्द्रराज प्रसाईद्वारा डा.वानीरा गिरिको जीवनीकृति 'विश्वनारी रत्न वानीरा गिरि' प्रकाशित भयो भने सोही कृतिको अङ्ग्रेजी भाषामा दुर्गा वनवासीले अनुवाद गरिन् । साथै २०७१ सालमा नइको सम्पादनमा 'वानीरा गिरिको कृतिस्तम्भ' र 'कवितामा वानीरा' नाउँका दुईवटा ग्रन्थ पनि प्रकाशनमा आए ।

आफ्नो कृत्यमा समर्पित भएबापत वानीरा गिरिले पुरस्कारहरू पनि पाउँदै गइन् । उनले पाएका पुरस्कारको लेखाजोखा गर्ने हो भने उनी दार्जिलिङबाट काठमाडौँ आएकै वर्ष नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट आयोजित कविता महोत्सवमा द्वितीय भएकी थिइन् । यस बेहोराको पनि एउटा रोचक प्रसङ्ग छ; त्यो के हो भने– नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट २०२२ सालमा आयोजित 'प्रथम कविता महोत्सवमा भैरव अर्याल पहिलो र वानीरा गिरि दोस्रो भएका थिए । कञ्चन पुडासैनीका अनुसार 'सो महोत्सवमा वानीरा गिरि नै प्रथम भएकी थिइन् । तर प्रवासी नेपालीलाई प्रथम कविता महोत्सवमा नै प्रथम पुरस्कार दिन मिल्दैन भन्ने प्राज्ञहरूबीचको मतमतान्तरका कारण उनलाई दोस्रो पारिएको थियो ।'

डा.वानीरा गिरि विश्वनारी नेपाली साहित्य रत्नको उपाधिका साथै प्रबल गोरखादक्षिणबाहु, महेन्द्र विद्याभूषण (प्रथम), रत्नश्री स्वर्णपदक, सैनध्वज नन्दकुमारी पुरस्कार, नेपाल राजकीय प्रज्ञा पदक, विश्वनारी नेपाली साहित्य पदक, भानुभक्त स्वर्णपदक, मधुपर्क पुरस्कार, साझा पुरस्कार, लोकप्रियादेवी पुरस्कार, भानुभक्त पुरस्कार, महाकवि देवकोटा पुरस्कार, नेपाली कलासाहित्य डटकम पुरस्कार आदिबाट सम्मानित भएकी थिइन् ।

नइको संयोजन र त्रिमूर्ति निकेतनको आयोजनामा डा.वानीरा गिरिलाई २०७१ सालमा प्रधानमन्त्री सुशील कोइरालाद्वारा रथारोहण गराइएको थियो । सोही अवसरमा प्रधानमन्त्री कोइरालाबाट डा.गिरि पाँच लाख रुपियाँ राशिसहित 'नेपाली साहित्यका विश्वनारी रत्न'को उपाधिद्वारा सम्मानित भएकी थिइन् । सो समारोहमा प्रधानमन्त्री कोइरालाले डा.गिरिलाई उनकै उचाइबराबरको ताम्रपत्रसमेत समर्पण गरेका थिए ।

वानीरा गिरि साहित्यका क्षेत्रमा निकै चर्चित, चर्चित र चर्चित हुँदै आइन् । उनको सुवास राजदरबारभित्रसम्म पनि पुगेको थियो । राज्यस्तरका बौद्धिक खुबीहरू भएका मध्ये उनी पनि अग्रपङ्क्तिमा नै उभिएकी थिइन् । तसर्थ २०३३ सालमा रूसमा सम्पन्न अफ्रोएसियाली युवा लेखक सम्मेलनमा समेत उनले नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्ने मौका पाएकी थिइन् । उनी उक्त सम्मेलनमा भाग लिने पहिलो नेपाली महिला प्राज्ञ भइन् । डा.गिरिभन्दा अठार वर्षअघि महाकवि लक्ष्मीप्रसाद देवकोटाले त्यसै सम्मेलनमा प्रतिनिधित्व गरेका थिए । भ्रमणको नै हिसाब गर्ने हो भने वानीराले नेपालका विभिन्न भूभाग घुमिन् । उनले भारतका पनि विभिन्न ठाउँ डुलिन् । साथै उनले चीन, बङ्गलादेश, पाकिस्तान, थाइल्यान्ड, सिङ्गापुर, जापान, इटली, फ्रान्स, नर्बे, नेदरल्यान्ड, डेनमार्क, स्विट्जरल्यान्ड, बेलायत, अमेरिका आदि मुलुकको भ्रमण गरेकी थिइन् ।

डा.वानीरा गिरिले काठमाडौँको बानेश्वरस्थित मीनभवनमा एउटा भव्य, आकर्षक र राम्रो घर ठडयाइन् । वास्तवमा वैवाहिक जीवनमा गाँसिएपछि उनका जीवनमा कहिल्यै पनि आर्थिक सङ्कट आएन ।

डा.वानीरा गिरि स्पष्ट स्वभाव भएकी स्रष्टाको नाउँ मानियो । राम्री भएर पनि सादा र चाम्री भएर पनि सरल जीवन बिताउनु

वानीरा गिरिको वैयक्तिक विशेषता मानिन्थ्यो । यति हुँदाहुँदै पनि वानीरा गिरिलाई नजिकबाट चिन्नेहरूमध्ये केही व्यक्ति भन्ने गर्थे– 'वानीराको व्यक्तित्व र कृतित्वमा आकाशपाताल फरक पाइन्छ । वानीरा अहङ्कारी र हुङ्कारी पनि छिन् ।'

वानीरा गिरिको भावभूमितर्फ चहार्दा उनी वास्तविकतालाई आधार बनाई सृजना गर्ने स्रष्टा थिइन् । उनको लेखनमा अस्तित्ववादी र निस्सारतावादी दृष्टिकोणले मितेरी लगाएको पाइन्छ । समाज र मानवीय दृष्टिकोणलाई उनका रचनाले थप अँगालो मारेको पाइन्छ । लेखनमा सरलता, सहजता र सरसताका कारणले नै नेपाली साहित्यजगत्मा माथिल्लो स्थानमा उनको पाइलो टेकिएको मानिन्छ ।

डा.गिरि र उनका पति इन्जिनियर शङ्कर गिरिका बीच अति प्रगाढ प्रेम थियो । उनीहरूको प्रेम शारीरिक वा यौनसम्म मात्र टाँस्सिएको थिएन । उनीहरू एकअर्कामा आत्मिक रूपले नै समर्पित जोडी थिए । वानीराले पतिबाट जीवनभरि प्रोत्साहन, सेवा र आत्मीयता पाइरहिन् ।

वानीरा लामो समयदेखि मधुमेहको सिकार थिइन् । साथै उनी २०७३ सालदेखि अल्जाइमर रोगबाट पनि पीडित हुन थालेकी थिइन् । अनि उनी त्यसपछिको दुई वर्षदेखि नै अर्धचेतनाको दिनचर्या धानिरहेकी थिइन् । उनी जेजस्तो अवस्था हुँदा पनि उनका पति शङ्कर गिरिले उनको अटुट सेवा गरिरहे । त्यति मात्र होइन, वानीराको व्यक्तित्व र कृतित्वको प्रचारप्रसारमा समेत शङ्कर गिरि सधैँ लागिरहे । अनि वानीरा अशक्त भएर मान्छे नै नचिन्ने अवस्थामा पुगेपछि उनका पति उनको व्यक्तित्वलाई अरू चम्काउने हिसाबमा लागिपरे । अनि शङ्कर गिरिकै प्रबल इच्छाले २०७६ सालमा वानीरा फाउन्डेसनको स्थापना भयो । सो फाउन्डेसनको पुँजी राशि झन्नै सात करोड रुपियाँबराबर रहेको छ ।

नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरिलाई कोरोनाको सङ्क्रमण भएको थियो । छेवैको सिभिल अस्पताल पुऱ्याएको आधा घण्टामा नै उनी दिवङ्गत भएको कुरा डाक्टरले घोषणा गरेका थिए । भनौँ, २०७८ साल जेठ ९ गते आइतबार राति १० बजे उनले प्राण त्यागेकी थिइन् ।

वानीरा गिरिका जीवनमा जति उतारचढाव आए पनि उनी त्यति नै सबल, सक्षम र सक्रिय रूपमा जीवनका वास्तविकतासँग लुकामारी खेल्दै हिँडिन् । त्यही परिवेशमा अटल रूपमा हिँडिरहँदा उनले जीवन्त कविता लेख्तै आफ्नो काव्यात्मक व्यक्तित्व जनसमक्ष प्रस्तुत गर्दै अघि बढिन्–

**कानमायाको मानव अधिकार**
**तिनै चोला र पेटिकोटहरूबाट उदाउँछ**
**तिनै भोटा, पेटेभोटा र कानेटोपीहरूमा झुल्कन्छ**
**मान्छे र मान्छे नै मात्रको इन्द्रेणीमा रङ्गिन्छ ।**

**• नरेन्द्रराज प्रसाई**

# वानीरा गिरिका कृतिसूची

**कवितासङ्ग्रह**

१. एउटा एउटा जिउँदो जङ्गबहादुर (२०३१)

२. जीवन थाय्मरु (२०३४)

४. मेरो आविष्कार (२०४१)

८. काठमाडौँ काठमाडौँ (२०६८)

**उपन्यास**

३. कारागार (२०३५)

५. निर्बन्ध (२०४२)

६. शब्दातीत शान्तनु (२०५६)

**निबन्धसङ्ग्रह**

७. पर्वतको अर्को नाउँ पार्वती (२०६७)

९. जङ्गल जङ्गल (२०६९)

**अङ्ग्रेजी भाषा**

१०. From the Other End (1987)

११. My Discovery (1996)

१२. From the Lake, Love (2000)

१३. The Prison (2005)

# वानीरा फाउन्डेसनका पुरस्कार

वानीरा फाउन्डेसनको स्थापनाको मूल तत्त्व भनेको नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरिको व्यक्तितत्व र कृतित्वको अध्ययन, विश्लेषण र अनुसन्धान गर्ने काम नै हो । यसै हिसाबमा वानीरा सङ्ग्रहालयका अतिरिक्त वानीरा पुरस्कारलाई पनि महत्त्वका साथ अगाडि राखिएको छ ।

वानीरा फाउन्डेसनले 'वानीरा पुरस्कार'लाई छ चरणमा विभाजित गरिएको छ–

(१) **वानीरा प्रज्ञा पुरस्कार**

छ दशकअघिदेखि नेपाली भाषासाहित्यको श्रीवृद्धिका लागि समर्पित भई नेपाली भाषासाहित्यमा आफ्नो सिर्जनाद्वारा लोकप्रियता हासिल गर्ने एक जना स्रष्टालाई हरेक वर्ष एक लाख रुपियाँ राशिसहित 'वानीरा प्रज्ञा पुरस्कार' समर्पण गरिन्छ ।

(२) **वानीरा शङ्कर पुरस्कार**

नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरि र उहाँका पति इन्जिनियर शङ्कर गिरिका नाउँमा स्थापित 'वानीरा शङ्कर पुरस्कार' विशेष एउटा क्षेत्रमा सर्वोच्च कीर्तिमान हासिल गर्ने एक जना व्यक्तितत्वलाई हरेक वर्ष एक लाख रुपियाँ राशिसहित समर्पण गरिन्छ ।

**(३) वानीरा पुरस्कार**

चार दशकअघिदेखि नेपाली भाषासाहित्यको श्रीवृद्धिका लागि समर्पित भई नेपाली भाषासाहित्यमा आफ्नो सिर्जनाद्वारा लोकप्रियता हासिल गर्ने स्रष्टालाई हरेक वर्ष पचास हजार रुपियाँ राशिसहित 'वानीरा पुरस्कार' समर्पण गरिन्छ ।

**(४) वानीरा शोध पुरस्कार**

नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरिको व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र अनुसन्धानमा केन्द्रित रहेर विद्यावारिधि गर्ने शोधार्थीलाई पचास हजार रुपियाँ राशिसहित 'वानीरा शोध पुरस्कार' समर्पण गरिन्छ ।

**(५) वानीरा कृति पुरस्कार**

नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरिको व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र अनुसन्धानमा केन्द्रित रहेर अति महत्त्वपूर्ण ग्रन्थ लेख्ने लेखकलाई पचास हजार रुपियाँ राशिसहित 'वानीरा कृति पुरस्कार' समर्पण गरिन्छ ।

**(६) वानीरा सेवा पुरस्कार**

नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरि या वानीरा फाउन्डेसन या त्यसै सेरोफेरोमा केन्द्रित रहेर महत्त्वपूर्ण कार्य गर्ने व्यक्तित्वलाई यथायोग्य राशिसहित 'वानीरा सेवा पुरस्कार' समर्पण गरिन्छ ।

# वानीरा फाउन्डेसनका पुरस्कारबाट पुरस्कृतहरू

१. **वानीरा प्रज्ञा पुरस्कार**
श्री कालीप्रसाद रिजाल (२०७८)
श्री वैरागी काइँला (२०७९)
प्रा.पुष्कर लोहनी (२०८०)

२. **वानीरा शङ्कर पुरस्कार**
नाटचभूषण श्री मदनदास श्रेष्ठ (२०८०)

३. **वानीरा पुरस्कार**
श्रीमती उषा शेरचन (२०७८)
श्री गोपाल पराजुली (२०७९)
श्रीमती अनिता तुलाधर (२०८०)

५. **वानीरा सेवा पुरस्कार**
श्री महेश तुलाधर (२०७८)
श्री भीमबहादुर बोटे (२०७९)



# पुष्कर लोहनी

**(वानीरा प्रज्ञा पुरस्कार (२०८०) बाट पुरस्कृत)**

**बुबाआमा** : होमप्रसाद लोहनी तथा भेषकुमारी लोहनी
**जन्म** : १९९५ चैत २० गते (काठमाडौँ)
**श्रीमती** : महालक्ष्मी लोहनी (खनाल)
**शिक्षा** : एमए, नेपाली साहित्य (प्राइभेट : त्रिभुवन विश्वविद्यालय)
एमए, अङ्ग्रेजी साहित्य (अध्ययन : त्रिवि)
**प्राध्यापन** : २५ वर्ष त्रिचन्द्र कलेज

**कार्य**

- २०१६ सालमा त्रिचन्द्र कलेजको 'ज्योति' पत्रिका 'चिसो चूलो तातो खरानी' कथा (पहिलो प्रकाशित)
- २०१७ सालमा केपी शैलीद्वारा सम्पादन गरिएको 'इन्दु' पत्रिकामा संलग्न भई कथा, कविता लेख्न थालेको
- २०१८ सालदेखि 'हालखबर'मा सहायक सम्पादक

**कृति**

- चहकदार मइन्टोल र पिलपिले लालटिन (अनुसन्धान तथा आलोचनात्मक लेखको सङ्ग्रह : २०३९)
- कौडी (कवितासङ्ग्रह : २०४०)
- भट्ट– मोतीराम भट्ट (अनुसन्धानात्मक आलोचना : २०६४, दोस्रो संस्करण– २०८०)
- धरालोको टुप्पो (कथासङ्ग्रह : २०७०)
- अदृश्य मान्छे (उपन्यास : २०७७)

- ध्यान कविता (कवितासङ्ग्रह : २०७९)
- पर्यायवाची कोश (शब्दकोश : २०३१)

**संयुक्त प्रकाशन**

- पीपलको बोट (चोकासङ्ग्रह : २०६३)
- चौटारी (हाइकुसङ्ग्रह : २०६५)
- केटाको थाम (ताङ्कासङ्ग्रह : २०६९)
- भूकम्पको चाङ (हाइकुसङ्ग्रह : २०७३)
- रूखकटहर (सिजासङ्ग्रह : २०७४)
- जूनको छाया (कटौतासङ्ग्रह : २०७६)
- प्रेम प्रणय (कटौतासङ्ग्रह : २०७७)

**सम्पादन**

- बगैँचा (साहित्यिक पत्रिका संयुक्त : २०१७)
- नयाँ कविता (कवितासङ्ग्रह : २०२१)
- बिम्ब (कथासङ्ग्रह : २०२६)
- पर्यायवाची शब्दकोश (२०३१)
- नयराज पन्त श्रद्धाञ्जली (२०५९)

**पुष्कर लोहनीबारे लेखिएका कृति**

- Pushkar Lohani- sijo, sex and Beyond, Mahesh Paudyal (2066)
- चिनेजानेको पुष्कर– मोहनबहादुर कायस्थ (२०७१)

**पुरस्कार**

- वानीरा प्रज्ञा पुरस्कार (२०८०)



# मदनदास श्रेष्ठ

**(वानीरा शङ्कर पुरस्कार (२०८०) बाट पुरस्कृत)**

**बुबाआमा** : नारायणदास श्रेष्ठ तथा रुद्रमाया श्रेष्ठ
**जन्ममिति** : २००५ असार १५ (दोलखा)
**श्रीमती** : रेणु श्रेष्ठ
**शिक्षा** : आइए

**कार्य**

- नेपाल सङ्गीत नाटच प्रज्ञाप्रतिष्ठानको संस्थापक सदस्य
- राष्ट्रिय जेष्ठ नागरिक महासङ्घको अध्यक्ष
- गौरीशङ्कर क्याम्पसको महायज्ञको अध्यक्ष
- दोलखा खरीढुङ्गा प्रस्तावित अन्तर्राष्ट्रिय चलचित्रनगरीको परिकल्पना र सञ्चार मन्त्रालय, निर्माण समितिको संयोजक
- घट्टेकुलो विकास समाजको अध्यक्ष
- नेपाल सरकार चलचित्र संसार बोर्डको सदस्य
- नेपाल सरकार विभूषण समितिको सदस्य
- त्रिमूर्ति निकेतनको बालकृष्ण सम फाउन्डेसनको संयोजक
- नइ प्रकाशनको संस्थापक सदस्य

**अभिनय**

- २०० एकाङ्की, पूर्णाङ्की नाटकको प्रस्तुति र अभिनय
- नेपाल टेलिभिजनको स्थापना कालदेखि कार्यक्रम प्रस्तोता
- १६ वटा चलचित्रमा अभिनय

- २० वटा वृत्तचित्र र टेलिचलचित्रमा अभिनय
- २०१७ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा 'क' श्रेणीको कलाकारमा पन्ध्र वर्षसम्म कार्यरत
- रेडियो नेपालमा २०२१ सालदेखि चालिस वर्षसम्म रेडियो नाटक निर्देशक, प्रस्तुति र अभिनय
- २०२३ सालदेखि अभिनय गर्न सुरु गरेको (पहिलो नाटक कृष्णप्रसाद रिमालको लेखन तथा निर्देशनमा 'गहना' नाटकबाट अभिनय सुरु)
- २०२७ सालदेखि कालिञ्चोक युवा क्लबको 'आँखा' साहित्यिक पत्रिकाको सम्पादन

**पुरस्कर र विभूषण**

- शुभराज्याभिषेक पदक (२०३१)
- सर्वनाम पुरस्कार (२०४१)
- दैवी प्रकोप पीडीतोद्धार पदक (२०४५)
- गद्धिआरोहण पदक (२०५३)
- वीरेन्द्र ऐश्वर्य सेवा पदक (२०५८)
- सुप्रवल गोरखा दक्षिणबाहु चौथा (२०६०)
- चलचित्र अभिनय रत्न पदक (२०६०)
- बालकृष्ण सम पुरस्कार (२०६०)
- रेडियो सेवा स्वर्णपदक (२०६१)
- देवकोटा शताब्दी स्वर्णपदक (२०६६)
- राष्ट्रिय नाट्य प्रज्ञा पुरस्कार (२०७५)
- सत्यमोहन जोशी शताब्दी पदक (२०७६)
- हरितारा चलचित्र पुरस्कार (२०७६)
- नइ रजत महोत्सव पदक (२०७८)
- नइ कीर्ति रत्न (२०८०)
- वानीरा शङ्कर पुरस्कार (२०८०)



# अनिता तुलाधर

**(वानीरा पुरस्कार (२०८०) बाट पुरस्कृत)**

**जन्म** : २००७ वैशाख १७ गते (विराटनगर)
**बुबाआमा** : रामराज तुलाधर तथा स्नेहप्रभा तुलाधर
**पति** : पन्नाकाजी तुलाधर
**शिक्षा** : स्नातक

**प्रकाशित कृति**

- 'फुलु' (बान्किला कथासङ्ग्रह : २०३४)
- 'रितो सहर' (कथासङ्ग्रह : २०३५)
- 'सूर्य ग्रहण' (कथासङ्ग्रह : २०४०)
- 'विडम्बना' (कथा संग्रह : २०४६)
- 'THE ENDLESS KNOT' Collection of Short Stories–2074 (Translated by Thirtha Raj Tuladhar)
- बागमतीका नारी लहरहरू (सम्पादन : २०७१)

**पुरस्कार तथा पदक**

- अन्तरकलेज कथा प्रतियोगितामा प्रथम (२०२८)
- रत्नश्री स्वर्णपदक (२०३४)
- लोकप्रिया पुरस्कार २०५७
- मध्यमाञ्चल क्षेत्रीय प्रतिभा पुरस्कार (नेपाल सरकार) (२०६७)
- नइ रेखा पुरस्कार (२०६८)
- विश्व नारी नेपाली साहित्य पदक (२०७१)

- भानुभक्त स्वर्णपदक (नेपाल सरकार) (२०७१)
- सत्यमोहन जोशी शताब्दी पदक (२०७२)
- बुद्धि-रेशम स्मृति स्रष्टा पुरस्कार (२०७५)
- केशवलाल बाखंसिरपा: (२०७५)
- सुरभि बाजुराम आख्यान पुरस्कार (२०७६)
- पूर्णप्रसाद ब्राह्मण लघुकथा पुरस्कार (२०७९)
- वानीरा पुरस्कार (२०८०)

**कार्य**

- विश्व नारी नेपाली साहित्य सम्मेलन, बागमती अञ्चल समारोह समितिको अध्यक्ष (२०७१)
- सिर्जनशील साहित्यिक समाजको कोषाध्यक्ष (२०३८–२०४०)
- गंकी धुस्वाँ बसुन्धारा प्रतिष्ठानको कोषाध्यक्ष (२०४९–२०७५)

वानीरा फाउन्डेसनबाट पुरस्कृत
प्राज्ञका भाषण

## २०७८ सालको 'वानीरा प्रज्ञा पुरस्कार'बाट पुरस्कृत
# श्री कालीप्रसाद रिजालको सम्बोधन

सर्वप्रथम त साहित्यको क्षेत्रमा आफ्नो विशिष्ट स्थान स्थापित गर्न सफल भएका नेपाली साहित्यका विश्वनारी रत्न वानीरा गिरिको नाममा स्थापित वानीरा प्रज्ञापुरस्कार पाएकोमा मैले आफू गौरवान्वित भएको अनुभव गरेको कुरा व्यक्त गर्न चाहन्छु । एक विदुषी कवयित्रीको नाममा स्थापित यस गरिमामय पुरस्कारको आफ्नो छुट्टै महत्त्व रहेको छ र यो पुरस्कारका लागि मलाई चयन गर्नुभएकोमा वानीरा फाउन्डेसनप्रति आभार व्यक्त गर्दछु ।

वानीरा गिरिको भौतिक उपस्थिति आज हामीबीच छैन । तर उहाँ आफ्नो रचना र स्मृतिको रूपमा आज पनि हामीसितै रहेको म अनुभव गर्दछु । वानीरा गिरिका बारेमा भन्नुपर्दा उहाँले साहित्यको क्षेत्रमा आफ्नो छुट्टै पहिचानका साथ आफ्नो छुट्टै विशिष्ट स्थान बनाउनुभएको छ । रचना पढ्नेबित्तिकै यो वानीराकै लेखन हो भनेर हामी भन्न सक्छौँ । आफ्नो रचनाको माध्यमबाट साहित्यको क्षेत्रमा छुट्टै शैली र पहिचान बनाउन सक्नु स्वयम्मा एउटा विशेष उपलब्धि हो ।

व्यक्तिगत रूपमा पनि वानीरा गिरिको आफ्नै किसिमको स्वभाव र व्यक्तित्व रहेको म अनुभव गर्दछु । आफ्नो मनमा लागेको कुरा स्पष्ट रूपमा नि:सङ्कोच अभिव्यक्त गर्ने उहाँको स्वभाव थियो । यस मानेमा उहाँ आफ्नो विवेक र चेतनाप्रति सदैव इमानदार रहेको भन्न सकिन्छ । तर निर्भीक रूपमा स्पष्ट अभिव्यक्ति दिने क्रममा कुनै अतिशयोक्ति

भएको अनुभव भएमा त्यसलाई तत्काल स्वीकार गरेर सच्याउने र त्यसका लागि क्षमायाचना गर्ने विशेषता पनि उहाँमा थियो । यसैको प्रभावस्वरूप उहाँ आफ्नो रचनाहरूमा पनि आफ्नो विवेक र चेतनाप्रति इमानदार रहेको पाइन्छ । दु:खको कुरो उहाँ अल्पायुमै अस्वस्थ हुनुभयो र लेख्तालेख्तै उहाँको लेखनीमा पूर्ण विराम लाग्यो । तर जेजति नेपाली साहित्यका लागि उहाँको योगदान रह्यो त्यो स्वयम्मा उल्लेखनीय छ । आफ्नो चेतना विवेक र आदर्शप्रति इमानदार भएर उहाँले कलम चलाउनुभयो । उहाँका कृतिहरू पढ्दा आज पनि वानीरा गिरि हामीबीचमै हुनुहुन्छ जस्तो अनुभव हुन्छ ।

नइदम्पतीद्वारा सञ्चालित र व्यवस्थित तथा शङ्कर गिरिको पवित्र भावनाबाट स्थापित वानीरा फाउन्डेसनले स्थापनाका वर्ष नै मलाई पुरस्कृत गरेकोमा म थप खुसी भएको छु । शङ्कर गिरिको उच्च भावनाको सम्मान गर्दै नइ जोडीले यस संस्थाको पूर्ण अभिभारा ग्रहण गरिनु यस संस्थाको भविष्य सुरक्षित हुनु हो भन्ने मलाई लाग्दछ ।

आजको यस अवसरमा म वानीरा गिरिप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । जहाँ भए पनि हामीलाई उहाँको स्नेह र शुभेच्छा प्राप्त भइरहोस् भन्ने कामना व्यक्त गर्दछु । उहाँको नामसित आबद्ध भएको वानीरा प्रज्ञापुरस्कार प्राप्त गर्नु मेरा लागि हर्षको विषय हो । यसका लागि फाउन्डेसनप्रति म हार्दिक आभार प्रकट गर्दछु । अन्त्यमा म पुन: वानीरा गिरिको आत्माको चिरशान्तिको कामना गर्दै आफ्नो भनाइलाई यहीँ बिट मार्ने अनुमति चाहन्छु । धन्यवाद !

## २०७८ सालको 'वानीरा पुरस्कार'बाट पुरस्कृत
## श्रीमती उषा शेरचनको वक्तव्य

'सोच्दै नसोचेका कुराहरू घट्नुको नाम नै जिन्दगी हो सायद !'

यसरी यो मोडमा, यो हिसाबले उभिनुपर्ने कुरा मैले कल्पनासम्म पनि गरेकी थिइनँ ! वानीरा दिज्यूसँग यति चाडै यसरी बिछोडिनुपर्ने छ भनेर मैले सपनामा पनि सोचेकी थिइनँ ।

नियतिको अगाडि मान्छेको जोर कहिल्यै नचल्ने रहेछ । राजादेखि रङ्कसम्मले पनि महायात्रामा निस्कनै पर्ने !

जीवन भन्नु पनि जिन्दगी र मृत्युबीचको दूरी वा यात्रा तय गर्नु रहेछ । तर यात्रा कसरी तय गरौँ ? मुख्य कुराचाहिँ त्यो हुने रहेछ ।

नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरि दिज्यू भन्नासाथ मेरो जीवनमा भरभराउँदो आभा बोकेको अत्यन्तै स्वाभिमानी नारीको तस्बिर आँखासामु आउँछ । साथै नइले साँच्चिकै दिज्यूलाई सुहाउने पगरी गुथाउनुभएको हो भन्ने आभास हुन्छ ।

अत्यन्तै प्यारी वानीरा दिज्यूले आफ्ना अमूल्य सिर्जनात्मक कृतिद्वारा नेपाली साहित्यको भण्डारलाई झन् धनी बनाएको कुरा त घामजत्तिकै छर्लङ्ग छ । उहाँको सिर्जनाका बारेमा मैले बोल्नु सूर्यलाई बत्ती देखाउनुजत्तिकै पनि हुँदैन र मेरो सामर्थ्यले भ्याउँदैन पनि । तर पनि यतिसम्म चाहिँ म भन्न सक्छु कि मूर्धन्य साहित्यकार

पारिजात दिदी एउटा आँखाकी नानी हुन् भने मूर्धन्य साहित्यकार वानिरा दिज्जू अर्को आँखाकी नानी ! मेरा लागि दुवै उत्तिकै आदरणीय र श्रद्धेय ! त्यसमाथि पनि वानीरा दिज्यू त सधैँभरि मेरा लागि रोल मोडल ।

साहित्यमा पनि अब्बल, घरगृहस्थी, लेखन र अन्य व्यवस्थापन सबैसबैमा पनि अब्बल– वानीरा दिज्यू !

साहित्यकार डा.वानिरा गिरि दिज्यूको साहित्यिक पाटोबारेमा त बोल्ने, लेख्ने एक सय एक आदरणीय समालोचकज्यूहरू हुनुहुन्छ । मचाहिँ गृहिणी वानीरा दिज्यूको व्यक्तिगत जीवनका पाटा र उहाँसँगको मेरो व्यक्तिगत सम्बन्धका केही किस्साहरू यहाँहरूमाऊ पस्किन चाहन्छु ।

दिज्यूको दाम्पत्य जीवन पनि उत्तिकै सुखद, सफल, परिपूर्ण र आदर्शमय थियो ।

साहित्यकार वानीरा दिज्यू र इन्जिनियर शङ्कर भिनाजुबीच अगाध माया, प्रेम र एकअर्काको व्यक्तित्वलाई अति नै सम्मान गर्ने उदाहरणीय प्रेमिल जोडी भन्नुपर्छ !

वानीरा दिज्यूले सधैँभरि 'थाह छ उषा ! तिम्रो भिनाजुले मलाई मन पराइसेको भन्दा पनि मैले नै मन पराएर, मैले नै रोजेकी हुँ नि ! क्याम्पस पढाइको क्रममा पुतलीसडकमा अत्यन्तै ह्यान्डसम युवा देखेर म नै मोहित भएकी हुँ ।' यो कुरा दिज्यूले मलाई धेरै पटक भनिसिन्थ्यो ! यदि भिनाजु साथै भएको बेला परेछ भने भिनाजु मक्ख पर्दै हा...हा...हा...सहितको मीठो हाँसोले वानीरा दिज्यूको डाइनिङ टेबुल वा बैठक गुञ्जायमान हुन्थ्यो ।

भिनाजुले पनि 'लेखनका साथसाथै घरगृहस्थी सबैसबैको जिम्मा तिम्रो दिदीले नै लिने हो उषा ! म त इन्जिनियर मात्रै हुँ । जेजति कमाउँछु सबै उनलाई नै दिन्छु । हामीसँग जेजति छ त्यो सबै

तिम्रै दिदीको कारण सम्भव भएको हो'; भनेर पितृसत्तात्मक समाजको श्रीमान्ले आफ्नी श्रीमतीप्रति गर्व गरेर भन्नु, त्यो फेरि शङ्कर भिनाजुको मात्रै वशको बात हो भन्ने लाग्छ मलाई । औँला दिँदा डँडुलो निल्ने आजको स्वार्थी समयमा अपवाद होइसिन्थ्यो वानीरा दिज्यू । सानो काम केही गरिदिए पनि एकदमै ठूलो देख्ने र अति नै खुलेर सराहना गर्ने, चित्त नबुझेको कुरामा भने तुरुन्तै प्रतिकार गर्न पनि पछि नहट्ने उहाँको स्वभाव थियो । हेर्दा भने हाडे ओखर तर भित्री तहमा बुझेपछि उहाँ हाडे ओखरभित्रको नमर र मीठो गुदीझैँ होइसिन्थ्यो ।

स्वरसम्राट् नारायणगोपाल दाइको सहधर्मिणी पेमला भाउजूसँग पनि वानीरा दिज्यूको अत्यन्तै प्रेमिल सम्बन्ध रहेको कारण दुवैबीच अत्यन्तै मीठो सद्भाव थियो । त्यस कारण दिज्यू कोषमा पनि आबद्ध होइसिन्थ्यो । वानीरा दिज्यू र पेमला भाउजू दुवै जनाले आफूहरूले मन पराउने खानाको पनि गफ गरिसिन्थ्यो कहिलेकाहीँ र सोहीबमोजिमको खाजा बनाउन लगाउने वा उहाँहरूले मन पराउने रेस्टुरेन्टबाट खाना मगाउने पनि गरिसिन्थ्यो । खाने बेलामा भने दिज्यूले अति तारिफ गरिसिने खाना भने दुईचार पिस वा गाँसभन्दा बढी खानै नसक्ने ! आवश्यकताभन्दा अति नै कम खानेमध्ये वानीरा दिज्यू पनि पर्ने भएको कारण शरीरमा भिटामिन १२ को कमी हुने । डाक्टरले माछामासु खानुपर्छ भन्ने अनि माछामासु खानु दिज्यूको लागि सजायझैँ हुने । पाककलामा पनि निपुण दिज्यूको हातले बनाइसेको अत्यन्तै स्वादिष्ठ परिकार खान पाउने अत्यन्तै भाग्यमानीमा पर्छु म पनि । खसीको मासु आफूले नखाने तर खसीको पक्कु पकाउनमा भने उहाँ माहिर हुनुहुन्थ्यो । हामीलाई पटकपटक बनाएर खुवाइसिन्थ्यो, किनभने भिनाजु पनि स्वादिष्ठ खानाको अति पारखी ! त्यस कारण पनि दिज्यूले घरमा अत्यन्तै स्वादिष्ठ व्यञ्जन तयार पारिसिने गरिसिन्थ्यो खास गरी भिनाजुकै लागि ।

कुरैकुरामा दिज्यूले 'तिम्रो भिनाजु अति नै मीठो खानुपर्ने । जतिसुकै आदर्श जोडी भए तापनि जतिसुकै माया र प्रेम भए तापनि श्रीमान्श्रीमतीबीच कुनै न कुनै कुरामा कहिलेकाहीँ ठाकठुक पर्नु स्वाभाविक कुरै हो । हाम्रो पनि पर्ने गर्छ । अनि त मैले ठूलो लोकल कुखुराको भाले किनेर ल्याएर ढोकाअगाडि बाँधेर राख्थेँ । भिनाजु घर फर्केपछि ठाकठुक सबै बिर्सेर भालेको कुरा गरिसिने । तिम्रो भेनाको अत्यन्तै सरल र असल स्वभावको कायलै थिएँ म । अब त बूढाबूढी पनि भइसक्यौँ ठाकठुक पनि पर्न छोडचो । मेरो सिर्जनालाई अति माया गरेर प्रकाशनको जिम्मा पनि सबै तिम्रै भिनाजुले गर्ने हो नि उषा ! यस मामिलामा पनि अति भाग्यमानी म । न त साहित्यिक यात्रामा कहिल्यै रोकतोक नै गरिस्यो मेरो अप्पीको बुबाले मलाई', भनिरहने गरिसिन्थ्यो !

कफी र चिया भने अति नै मन पर्ने पेय पदार्थ थियो वानीरा दिज्यूको ! कहिलेकाहीँ मलाई कफी पिउन कफी सपतिर पनि लैजाने गरिसिन्थ्यो भने, उहाँलाई हट ब्रेडको क्रोसाँ पनि खुबै मन पर्ने भएकाले कहिले हट ब्रेड त कहिले पिज्जाको पनि पारखी भएका कारणले ठमेलस्थित फायर एन्ड आइसमा लगिसिन्थ्यो मलाई ।

हामी दुई सिनेमा पनि हेर्न जान्थ्यौँ हलमा । अनि अलि बढी समय घरबाहिर बित्यो भने दिज्यूलाई घरै जान हतार पर्दथ्यो फेरि 'तिम्रो भिनाजुलाई छाडेको धेरै घण्टा भयो । अब घर जानुपर्छ । मलाई उहाँले गर्ने माया र प्रेमको गलत हिसाबले फाइदा लिनु राम्रो लाग्दैन, उषा !' भनिसिन्थ्यो । उहाँले अन्य धेरै कुराहरू पनि सेयर गरिसिन्थ्यो र यो पनि भनिसिन्थ्यो कि 'यी सब कुराहरू मेरो आत्मकथामा आउँछ । मैले सबैसबै कुरा लेखेकी छु, उषा !' भनिसिन्थ्यो ।

वानीरा दिज्यू आफ्नी जननी मुमाको व्यक्तित्वका बारेमा, बुबाको बारेमा र आफ्नो सहोदर दाजुदिदीहरूका बारेमा पनि अति

नै मायाले सम्झने र तारिफ गर्ने गरिसिन्थ्यो । उहाँले आफ्नो मुमाको तस्बिरलाई बडो जतनका साथ बैठकमा राख्ने गरिसिन्थ्यो । उस्तै गरी उहाँले आफ्ना सासूमुमा, छोराछोरी, बुहारी, ज्वाइँ एवम् नातिनातिना सबैका बारेमा गर्वले कुरा गरिसिन्थ्यो । छोरीप्रति त उहाँ अति ढुक्क, छोराप्रति भने अति सोझो भएको कारणले अलि चिन्ता गरिसिन्थ्यो र आफ्नो छोराका लागि आफ्नै साथीकी छोरीलाई बुहारीको रूपमा आफैँले चुनेर बिहे गरिदिसेको हो । छोराबुहारीले आफ्नो दाम्पत्य जीवनको गाडी सुरक्षित रूपमा अगाडि बढाएको देखिसेपछि त्यसमाथि जुम्ल्याहा नातिहरूसमेत जन्मेपछि भने छोरासँग पनि ढुक्क !

साँच्चिकै किङ साइज जीवन बाँच्न जानेको साहित्यकारमा मैले त वानीरा दिज्यूलाई मात्रै देखेँ । त्यसरी बाँच्ने वातावरण बनाउनेको श्रेय पनि दिज्यू स्वयम्लाई जान्छ । साहित्यिक योगदानको कदर भने राज्यले वा नेपाल प्रज्ञाप्रतिष्ठानले नगरे पनि पाठकको माया भने अति नै प्राप्त थियो दिज्यूलाई । जुन लेखकका लागि अति नै महत्त्वपूर्ण कुरा हो भन्ने लाग्छ मलाई । साथै उहाँका पाठकमध्ये म पनि एक भएको हुँदा उहाँ मेरो एकदमै आदर्श र रोल मोडल होइसिन्थ्यो ।

वानीरा दिज्यूले सधैँभरि 'उषा मसँग आउने प्राय:जसोमा केही न केही स्वार्थ वा सर्त रहेको भेट्छु तर अपवादस्वरूप बिनासर्त मलाई माया गर्ने श्रद्धा राख्ने बहिनी तिमी मात्रै भेटेँ', भनिसिन्थ्यो । मलाई उहाँले साँच्चिकै आफ्नै आँतको बहिनीलाई झैँ माया दिने गरिसिन्थ्यो र अपार स्नेह पोख्ने गरिसिन्थ्यो । उहाँले मलाई यस्तो भनिसिन्थ्यो– 'उषा तिमी धेरै नै असल छौ । तर धेरै असल हुनु पनि धेरै राम्रो कुरा भने होइन है ! उषा, तिमी नयाँ कवितासङ्ग्रह प्रकाशनको तयारीमा रहेको देख्छु । कति भाइबहिनीले मलाई भूमिका लेखिदिन आग्रह गर्छन् । तिमीले भने एक शब्द

लेखिदिनु भन्दिनौँ, किन ? यदि तिमीलाई आपत्ति छैन भने मैले तिम्रो कवितासङ्ग्रहका लागि भूमिका लेखिदिऊँ ?' दिज्यूका वाणीले म अवाक ! 'के खोज्छस् काना आँखा' भन्ने नेपाली उखानझैँ कुरा भयो मेरा लागि ! यसरी मेरो दोस्रो कवितासङ्ग्रह सर्वकालीन पीडा र जागृतिका शङ्खघोषमा प्रसादस्वरूप उहाँको भूमिका पाएकी हुँ । त्यस्तै गरेर हाम्रो संस्था 'गुञ्जन'ले समकालीन नारी कविहरूको कविता अङ्ग्रेजी भाषामा प्रकाशित गर्ने तय भएपछि गुञ्जनका संस्थापक अध्यक्ष पद्मावती सिंह दिज्यू र म सम्पादक अनि अतिथि सम्पादकका लागि दिज्यूलाई आग्रह गर्दा एकवचनमै स्विकार्नुभएको मात्रै नभई मेरो एउटा 'म सिर्फ भीरभीर खोजिरहेछु' शीर्षकको कविता पनि उहाँ स्वयम्ले अनुवाद गरिदिसेको छ । जुन 'डटर अफ दि अर्थ' समकालीन महिला स्रष्टाहरूका अङ्ग्रेजी भाषामा अनुवादित कवितासङ्ग्रहमा छापिएको छ ।

वानीरा दिज्यू मेरो घरमा आइसिँदा 'तिम्रो नयाँ कथा, कविता के छ ? ल सुनाऊ त, उषा !' भनिसिन्थ्यो र बडो एकाग्रतापूर्वक सुन्ने गरिसिन्थ्यो ।

नइ अर्थात् नरेन्द्रराज प्रसाई भाइ र इन्दिरा प्रसाई बहिनीले त्रिमूर्ति निकेतनमार्फत २०७१ सालमा विश्वनारी नेपाली साहित्य सम्मेलन भव्य रूपमा आयोजना गरेर वानीरा दिज्यूलाई 'नेपाली साहित्यका विश्वनारी रत्न'को उपाधि समर्पित गर्दा उहाँलाई स्मृति क्षय हुने अर्थात् अल्जाइमर रोग लागेको थिएन । त्यसैले आफूले अत्यन्तै मन पराएको खेलौना पाउँदा बच्चा खुसी भएझैँ उहाँ साह्रै खुसी होइसेको थियो बग्गी चढेर काठमाडौँ बजार परिक्रमा गर्दा ! त्यस बेला मलाई लाग्यो; चाहे राज्यले कदर नगरून्, चाहे प्रज्ञाप्रतिष्ठानमा उहाँलाई नल्याऊन्, चाहे उहाँलाई नाउँ चलेको कुनै पुरस्कार नदिऊन्; यी सबैको भर्पाई नइ अर्थात् नरेन्द्रराज प्रसाई भाइ र इन्दिरा प्रसाई बहिनीले गरिदिनुभयो भनेर मनभित्र एक प्रकारको सन्तुष्टि प्राप्त भयो मलाई पनि ।

त्यसपछि नेपाली कलासाहित्य डट कम प्रतिष्ठानले पनि उहाँलाई पुरस्कार समर्पण गरेको थियो । जसका लागि त्रिमूर्ति निकेतन, नइ अर्थात् नरेन्द्रराज प्रसाई भाइ, इन्दिरा प्रसाई बहिनी एवम् नेपाली कलासाहित्य डट कम प्रतिष्ठानका अध्यक्ष मोमिला बहिनीलगायत सबै धन्यवादका पात्र हुनुहुन्छ ।

अल्जाइमर हुनुअघि वानीरा दिज्यूले यी सब सुखको अनुभूति स्वयम्ले गर्न पाइस्यो र त्यो नै मेरा लागि पनि अत्यन्तै खुसीको कुरा भयो दिज्यूको सच्चा फ्यानको हिसाबले ।

वानीरा फाउन्डेसन स्थापना गर्ने सोच र सपना भिनाजुको भए तापनि बलियो साथ र काँध भने नइदम्पतीकै हो । नियति पनि विचित्रकै हुने, भिनाजुले मलाई पनि फाउन्डेसनमा आबद्ध हुनुपर्छ भनिसेकै हो तर फाउन्डेसनको दर्ता गर्ने बेला म अमेरिकामै भएको कारणले अड्डामा मेरो नागरिकताको प्रमाणपत्र दिन नमिलेर संस्थापक सदस्य हुनबाट म वञ्चित भएँ ।

म पुन: अमेरिका जानुपर्ने भएको कारण र कोरोना आतङ्क चरम सीमामा रहेको कारण दिज्यूको घरमा जान सकिनँ । त्यसैले मोबाइलबाट बिमार दिज्यूसँग त बोल्ने कुरै भएन तर भिनाजुसँग भने झन्डै एक घण्टै टेलिफोन संवाद भएको थियो । 'विभा र भीमबहादुर भएको हुनाले सबै सजिलो छ । तिम्रो दिदीलाई समयमा औषधि खुवाउने र बेलाबेलामा डाक्टरकहाँ लैजानेबाहेक अन्य सबै यिनीहरूले नै हेरेका छन् । मलाई सजिलो छ ! अहिले त कोरोनाको कारणले बाहिर पनि कतै जानु छैन । घरभित्रै बस्ने हो । सबै ठीक छ' भनिस्यो । यति सचेत हुँदाहुँदै पनि एक्कासि कोरोनाले विभा बितेको खबर मालतीले रुँदै मेसेन्जरमार्फत अमेरिकामा खबर गर्दा चटचाङ परेझैँ भयो मलाई । पछि त दिज्यूलाई पनि कोरोनाले लगेको अनि भिनाजुलाई र भीमबहादुर सबैलाई कोरोना लागेको खबरले त झन् अत्याउनसम्म अत्यायो मलाई ।

विधिको विधान टार्ने क्षमता कसको ? जस्तोसुकै कठोर कुरा पनि सुन्नैपर्ने, सहनै पर्ने । निरोगी भएको भए त सय वर्षभन्दा बढी बाँचे पनि कमै लाग्छ । तर दिज्यूलाई अत्यन्तै शत्रु रोग लागेको हुँदा हामीलाई जतिसुकै दु:ख लागे पनि, पीडा भए तापनि दिज्यूले चाहिँ मुक्ति पाइसेको हो भन्ने सोच्छु र मन बुझाउने गर्छु ।

दिज्यूलाई लगे पनि 'हे भगवान् ! भिनाजुलाई केही नहोस् । शीघ्र लाभ होस्' भन्ने हामी सबैको प्रार्थना साँच्चिकै पूरा भयो । मेरो सर्वप्रिय दिज्यूको नाममा स्थापित पुरस्कार सर्वप्रथम मैले नै पाउने नियतिमा निर्धारण रहेछ र पो वानीरा फाउन्डेसनको संस्थापक पदाधिकारी हुनबाट वञ्चित हुन पुगेकी रहिछु । नत्र त वानीरा पुरस्कार लिन मेरो नैतिकताले कदापि दिने थिएन ।

अरूको नजरमा वानीरा फाउन्डेसन भलै 'वानीरा फाउन्डेसन' मात्रै होला तर मेरो नजरमा भने भारतको आगरामा बनेको अद्वितीय प्रेमको प्रतीक ताजमहलजस्तै यो पनि हाम्रो दिदी र भिनाजुबीच रहेको अमर प्रेमको प्रतीक एउटा अर्को ताजमहल नै हो ।

दिज्यूले मलाई सधैँभरि 'उषा तिमीलाई जहिले मकहाँ आउन अर्थात् मलाई भेट्न मन लाग्छ, आऊ । टेलिफोन गरिरहन पनि आवश्यक छैन । मेरो ढोका तिम्रा लागि चौबिसै घण्टा खुला छ' भनेर भनिसिन्थ्यो । सायद दिज्यूको असीम आशीर्वाद नै हुनुपर्छ यो खुसी पनि मेरै पोल्टामा पर्न आएको ! तर पुरस्कार र सम्मान पाउँदा मलाई अत्यन्तै डरमिश्रित खुसी लाग्छ । किनभने मानसम्मान र पुरस्कार पाउनु भनेको थप जिम्मेवारी थपिनु पनि त हो ।

फेरि अर्को एउटा सुखद संयोग वासु शशी स्मृति पुरस्कार पनि अग्रज कवि एवम् गीतकार कालीप्रसाद रिजाल दाइसँगै प्राप्त

गर्ने सौभाग्य प्राप्त भएको थियो मलाई । आज पनि आदरणीय दाइसँगसँगै प्राप्त गर्ने सौभाग्य जुऱ्यो । यसका लागि वानीरा फाउन्डेसन अनि शङ्कर गिरि भिनाजु र फाउन्डेसनका पदाधिकारीहरू, विशेष गरी नइ अर्थात् नरेन्द्रराज प्रसाई भाइ र इन्दिरा प्रसाई बहिनी आआफ्नो सिर्जनामा लागेर पनि सङ्घसंस्थालाई अत्यन्तै सुचारु ढङ्गले चलाउने क्षमता भएको माथि आधुनिक मोतीराम भट्टको भूमिका निर्वाह गर्न सफल दम्पती र चयन समितिमा रहनुभएका महानुभाव सबैलाई हामी तीन जनाको तर्फबाट हार्दिक कृतज्ञतासहित एकमुस्ट धन्यवाद ज्ञापन गर्दछु ।

र आज पुरस्कृत हुनुभएको अग्रज स्रष्टा कालीप्रसाद रिजाल दाइ एवम् कलाकार महेश तुलाधर भाइलाई हार्दिक बधाई ज्ञापन गर्दछु ।

मेरो सर्वप्रिय साहित्यकार नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरि दिज्यूको आत्मा आज अवश्य पनि प्रफुल्ल भएको हुनुपर्छ । उहाँ जहाँ हुनुहुन्छ खुसी र सुखी रहनुहोस् भन्ने कामनासहित उहाँप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु !

जाने त गइहाल्छन् पीडा हुने र अभाव खट्किने त हामी बाँच्नेलाई न हो । फेरि पनि हृदयदेखि सबैप्रति कृतज्ञता जाहेर गर्दै दिज्यूकै नाममा मैले लेखेको यो कविता दिज्यूलाई नै समर्पित गर्दै यहाँहरूसँग वाचनको अनुमति माग्दै यो पोडियमबाट ओझेल हुन चाहन्छु–

**शङ्करकी पार्वती अर्थात् वानीरा**
**'काठमाडौँ काठमाडौँ'को**
**मायामा चुर्लुम्म डुबेर**
**काठमाडौँलाई काखी च्याप्दै**
**सीमातीत माया पोख्दै**
**सिमलको भुवाभन्दा पनि**
**नरमनरम मनलाई**
**कोमलकोमल मनलाई**

कठोरताका आवरणभित्र
लुकाएर राख्न सक्ने
हाडे ओखर हुन् उनी ।

असङ्ख्य असङ्ख्य
जङ्गबहादुरै जङ्गबहादुरका
हूलहरूमाऊ
'एउटा एउटा जिउँदो जङ्गबहादुर' बनेर
कहिले समय र परिस्थितिको
कहिले नियति र चुनौतीको
'कारागार'बाट फुत्किँदै
'निर्बन्ध' लेख्ने
'मेरो आविष्कार'की
'अन्तिम भुभाग' हुन् उनी ।

जीवनका प्रत्येक असजिला
बाटा र मोडहरूमा
लड्दै, पढ्दै र उठ्दै
जति पढे पनि नसकिने
किताबजस्तो जीवन देखेर
जति बुझे पनि नबुझिने
रहस्यजस्तो जीवन भोगेर
सधैँसधैँ
'जीवन थाय्मरु' भन्ने
'शब्दातीत शान्तनु' हुन् उनी ।
जीवन र जगत्का साथ
मान्छे हुनुको गौरव बोक्दै
स्वाभिमानका साथ
बाँच्न पाउने अधिकार खोज्दै
आफ्नो मनको राजमहलमा
आफैँले राज गर्ने
स्वःअस्तित्वका लागि
अविश्रान्त अविश्रान्त
लागिरहने
प्रज्ञा हुन् उनी ।

आफैंप्रति
दरिलो विश्वास बोक्दै
वाङ्मयको शिखर चुम्ने
प्रकृतिकी पुजारी
कहिले 'जङ्गलजङ्गल' घुम्दै
कहिले जूनसँग खेल्दै
कहिले घामसँग रमाउँदै
सिङ्गो आकाश बोक्न सक्ने
काव्यस्रष्टा हुन् उनी ।

कवितालाई 'पहिलो प्रेम' गर्दै
शिखर र चुलीहरूलाई साक्षी राख्दै
हृदयका नदेखिने पानाहरूमा
एउटा सम्बोधन खोप्ने
पूज्य कवि गोपालप्रसादकी सखी
काव्यजगत्कै उद्भासी
नेपाली साहित्यकी
विश्वनारी रत्न हुन् उनी ।

अपार माया र ममताले हुर्काउने
अपराजिता र अपूर्वकी
ममतामयी महतारी
अति माया गरेर
अप्पीको बुबा भन्न मन पराउने
शङ्करकी सहधर्मिणी
अर्थात्
'पर्वतको अर्को नाम पार्वती' हुन् उनी !
'पर्वतको अर्को नाम पार्वती' हुन् उनी !

# २०७९ सालको 'वानीरा प्रज्ञा पुरस्कार'बाट पुरस्कृत श्री वैरागी काइँलाको सम्बोधन

सर्वप्रथम पुरस्कार र सम्मान स्थापना गर्ने संस्था वानीरा फाउन्डेसन र यससँग सम्बन्धित सबैमा कृतज्ञतासहितको आभार व्यक्त गर्दछु ।

नेपाली साहित्यका क्षेत्रमा योगदान पुऱ्याएको मानेर यहाँहरूले वानीरा पुरस्कारका लागि योग्य ठानी सम्मानित समारोहमा पुरस्कार प्रदान गरेर सम्मान प्रदान गर्नुभएकामा कृतज्ञता ज्ञापनसहित धन्यवाद भन्दछु ।

**वानीरा फाउन्डेसन र वानीरा गिरि**

नेपाली भाषासाहित्यको क्षेत्रमा अविस्मरणीय नाम नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरिको असामयिक निधन भएपछि श्रीमान् ई.शङ्कर गिरिले 'वानीरा गिरिका व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र अनुसन्धानका लागि वानीरा फाउन्डेसन (२०७६) स्थापित' गरिदिनुभयो (नरेन्द्रराज प्रसाई, नेपाली साहित्यका विश्वनारी रत्न वानीरा गिरि, तेस्रो संस्करण, २०७९:७) । दिवङ्गत पत्नीप्रतिको यस प्रकारको आदर्श प्रेम आजभोलिका दिनमा बिरलै देख्न पाइने कुरा हो । यसै गरी वानीरा फाउन्डेसनको भवनमा आज वानीरा फाउन्डेसनको गरिमामय कार्यक्रम भइरहेको छ र यो ई.शङ्कर गिरिले निर्माण गरेको 'वाणी महल' हो ।

वानीरा गिरिको व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र अनुसन्धानका लागि स्थापित वानीरा फाउन्डेसन (२०७६)ले समयसँगसँगै आफ्नो उद्देश्य र लक्ष्य फाँटिलो बनाउँदै लगेका बारेमा यस संस्थाको अध्यक्ष इन्दिरा प्रसाईबाटै लेखिएको छ– 'साहित्य, कला र संस्कृतिसम्बन्धी कार्य गर्ने; वाङ्मयबारे कृतिहरूको प्रकाशन गर्ने, वाङ्मयसेवीहरूलाई विद्वत्वृत्ति प्रदान गर्ने, साहित्यिक सभा, सम्मेलन र गोष्ठीहरूको आयोजना गर्ने आदिका अतिरिक्त देशदेशान्तरका स्रष्टाहरूको समेत अनुसन्धान र वाङ्मयका सेवीहरूलाई सम्मान गर्ने वानीरा फाउन्डेसनको थप उद्देश्य रहेको छ' (नेपाली साहित्यका विश्वनारी रत्न वानीरा गिरि, प्रकाशकीय, २०७०:७–८) ।

## स्रष्टा वानीरा गिरि

बाल्यकालदेखि नै साहित्यमा कलम चलाउने वानीरा गिरि निर्भीक र निडर अनि स्पष्ट वक्ता र विद्रोही स्वभावकी हुनुहुन्थ्यो । विविध विधामा कलम चलाउन दक्ष, प्रकृति, जीवन र जगत्का प्रसङ्गलाई विषय बनाउने स्रष्टा वानीरा गिरि, उनका जीवनीकार नरेन्द्रराज प्रसाईका (नेपाली साहित्यका विश्वनारी रत्न वानीरा गिरि, २०७९ : ६८) शब्दमा तर 'वानीरा गिरि कवितामा नै फुलिन्, कवितामा नै फक्रिइन् र कवितामा नै सुगन्धित जाई, जुही र चमेली बनिन् ।'

हो; यिनै कविता, कथा, उपन्यास र निबन्ध आदि साहित्यका विधामा सफलतापूर्वक कलम चलाउने नेपाली भाषा, नेपाली साहित्यका विश्वनारी रत्न साहित्यकार वानीराका नाममा स्थापित पुरस्कार पाउनु त मेरा लागि अझ हार्दिक प्रसन्नताकै कुरा हो ।

## नइका बारेमा केही शब्द

सुखद संयोगकै कुरा हो; नेपाली साहित्यको उत्थान, विकास र व्यापकतालाई मूल कर्मक्षेत्र बनाएर तीन दशकभन्दा बढी समयदेखि क्रियाशील नइका संस्थापकद्वय साहित्यिक जोडी इन्दिरा

प्रसाई र नरेन्द्रराज प्रसाईका दक्ष व्यवस्थापकीय व्यवस्थापनमा वानीरा फाउन्डेसनको स्थापना र सञ्चालनको दायित्व वानीरा फाउन्डेसनका संरक्षक शङ्कर गिरिले व्यवस्था गर्नुभएको छ । नइको प्रबन्धन, व्यवस्थापन, नेपाली साहित्यको उत्थान र व्यापकीकरणमा योगदान त ऐनाझैँ छर्लङ्ग भएको तथ्य खुलाइरहनुपर्ने आवश्यक्ता नै छैन । आशा मात्र होइन, हामीलाई विश्वास पनि छ कि नइ दुईको नेतृत्वमा 'वानीरा गिरिको व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र अनुसन्धानका कार्यक्रम' प्रभावशाली रूपमा अघि बढ्नेछ । त्यसरी नै यसका अन्य उद्देश्य जस्तै– 'साहित्य, कला र संस्कृतिसम्बन्धी कार्य गर्ने; वाङ्मयबारे कृतिहरूको प्रकाशन गर्ने; वाङ्मयसेवीहरूलाई विद्वत्वृत्ति प्रदान गर्ने; साहित्यिक सभा, सम्मेलन र गोष्ठीहरूको आयोजना गर्ने आदिका अतिरिक्त देशदेशान्तरका स्रष्टाहरूको समेत अनुसन्धान र वाङ्मयका सेवीहरूलाई सम्मान गर्ने वानीरा फाउन्डेसनको थप उद्देश्यहरू' सफल हुनेछन् ।

**आफ्नाबारे**

नेपाली साहित्यका क्षेत्रमा कुनै उल्लेख्य योगदान मैले पुऱ्याउन सकेको छु जस्तो मलाई कहिल्यै लागेको छैन । तर त्यसो गर्न सकेको भन्ने कुरा मेरा पाठकपाठिका, समीक्षक र समालोचकका आफ्ना निजी धारणा हुन्; त्यसमा मेरो भन्नु केही पनि छैन ।

साहित्यिक सृजना क्षेत्रमा मेरो मूल क्षेत्र कविताको क्षेत्र हो । देखासिखीमा लेख्न थालेको भए तापनि अरूभन्दा भिन्न भएर लेख्ने धुन सुरुदेखिकै थियो मलाई । यसो भन्दा आफ्नो चिनारी पृथक् देखियोस् भन्ने नै हो ।

पहिलेपहिले सरल भाषामा र सरल पारामा भावुकतापूर्ण कवितालेखन गर्दै बढेको मेरो सृजनाको यात्राको अन्यभन्दा भिन्न देखिने लहडले जटिल पनि भयो । यसो हुनाको कारण त साहित्य

सृजना भाषाको सेवा मात्र नभएर अभिव्यक्तिको माध्यम र कला पनि हुनाले त्यसो भएको होला ।

त्यसमा पनि थप कुरा के छ भने कविता लेख्दा विचार त हुन्छ नै कवितामा, तर विचारविशेषको संवाहक कविताले बन्नु हुँदैन भन्ने सुरुदेखिकै धारणा मेरो मनमा थियो । विचारहरूले मिलेर सँगसँगै खेल्ने फूलबारी हुनुपर्ने हो कविता । म विचारहरूको प्रजातन्त्र मन पराउँछु ।

तर पनि कविता किन र केका लागि लेखिन्छ ? भन्ने प्रश्नमा सदा निरुत्तर छु । समसामयिक जीवन, समाज र समयका बारेमा कि ? कविताले जीवन र जगत्का बारेमा बोल्नुपर्दछ ? मसँग ठीक उत्तर छैन । तर कविताले जीवन र जगत्का बारेमा बोल्नुपर्दछ भन्ने पनि मलाई लाग्दछ । तर जीवन र जगत् के हुन् ? कसरी जान्नु यो ठीक र त्यो बेठीक ? कुन कुरो सबैका लागि ठीक ? अलमल र दोधारमा एउटा कविको जीवन मैले बिताइरहेको छु ।

यसै सङ्कटमा परेको मैले अन्धा मान्छे (छ जना)हरूले हात्ती छामेर हात्तीलाई जान्न खोजेको विषयमाथि कविता लेख्न बल गरे । छ नै जना (अन्धा मान्छे)ले हात्ती छामेर आआफ्ना हात्ती भेटे, तर एउटै उही हात्ती भेटेनन् । तर सबै खुसी थिए हात्ती भेटेर । आज आफ्नै हात्ती भेटेर म अलमलमा छु; किनभने अरूले भेटेको सँग मिल्दैन मेरो हात्ती । तर मूल हात्ती, जसलाई छाम्यौँ हामीले... अलग्ग उभिएको छ ।

आज म कविका रूपमा अन्धाले छामेर भेटेका आफ्नो हात्ती लिएर अलमलमा उभिएर बसेको छु । जीवन के हो ? जगत् के हो ? हामी सबैको आआफ्ना, दृष्टि र धारणा लिएर बाँचेका छौँ । भ्रम होस् कि सत्य, तर यही रमाइलो छ कविताजस्तै ।

यसो त, नेपाली साहित्यमा कलम चलाउन थालेको र प्रकाशित हुन थालेको पनि झन्डै ६६–६७ वर्ष भइसकेछ । कति लेखेँ ? गरेँ के ? दिएँ के ? यसबारेमा यसअघि पनि कतै भनेको लेखेको छु कि...; कविताको क्षेत्रमा आफूले गरेको काम गन्ती गर्न खोज्छु, जस्तै– एक, दुई तीन अनि ? त्यहाँबाट उता मेरो गन्ती धेरै भएर जाँदै जाँदैन ।

सृजनात्मक साहित्य (कविता)बाहेकका क्षेत्रमा पनि सेवा गर्ने क्षेत्र त भाषाकै क्षेत्रमा नै हो । हामीलाई थाहा छ नै नेपाल बहुभाषिक देश हो । धेरै भाषाहरू बोलिन्छन्, लेखिन्छन् । मुलुकभित्र बोलिने सबै भाषाको उत्थानका दिशामा मैले लागे पनि मेरो अभिव्यक्तिको माध्यम भने आफ्नै मातृभाषा लिम्बू भाषा नभएर मुलुकको सम्पर्कको भाषा नेपाली भाषा नै भयो र हो । मुलुकमा बोलिने सबै भाषाको उत्थानमा लाग्नु र सृजनात्मक कार्यमा लाग्नु मेरा लागि विशेष काम हुन् । लोकसाहित्यका क्षेत्रमा लिम्बूजातिको मुन्धुमको अध्ययन, सङ्कलन, नेपालीमा अनुवाद र प्रकाशनका क्षेत्रमा मैले केही काम गरेको छु । तर, मलाई लाग्दैन कि यति काम गरेर नै मैले सम्मानित हुन योग्य हुने काम गर्न सकेको छु । तर पनि वानीरा फाउन्डेसनले ममथि प्रेम र स्नेह राखेर पुरस्कारको योग्य ठहराई आज सम्मानित गऱ्यो । मेरा लागि यो दिन गौरवबोध गर्ने दिन भएको छ । यसका लागि वानीरा फाउन्डेसनका संरक्षक शङ्कर गिरि, अध्यक्ष इन्दिरा प्रसाई, सदस्यसचिव नरेन्द्रराज प्रसाई तथा सदस्यहरू सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

## २०७९ सालको 'वानीरा पुरस्कार'बाट पुरस्कृत

# श्री गोपाल पराजुलीको वक्तव्य

मेरो दर्शनको साँचो आधार भनेको साहित्यबाट जीवनलाई हेर्नु हो । र त्यसै तत्त्वको माध्यमबाट संसारलाई मानवबस्तीको रूपमा बदल्न एउटा सौन्दर्य क्रिएट गर्नु हो । साहित्यबाट मेरो उद्देश्य भनेको यो दर्शन तपाईंहरूसँग बाँडेर बस्न चाहनु नै हो ।

यस बेला मेरो उपस्थिति यहाँहरू सबैलाई सम्मान अर्पण गर्नुबाहेक अरू केही रहेको छैन । वानीरा फाउन्डेसनले यो स्पेस मलाई दिएको छ भन्ने मैले ठानेको छु ।

द्वन्द्वरहित र ईश्वरसहितको संसार खोज्दै म कविताको यज्ञमा शब्द हवन गर्न थालेको हुँ । स्वतन्त्रता र शान्तिका लागि बाहेक संसारलाई मैले अर्को प्रयोजनका लागि हेरेको छैन । र संसारमा मैले अर्को युद्ध पनि लडेको छैन । ईश्वरलाई मानिसतिर र मानिसलाई ईश्वरतिर आउन अपिल गरेको बाहेक मैले कुनै भीड र जुलुसलाई आफूतिर आमन्त्रण गरेको छैन । म मानिसकै हुँ भन्ने कुरा मानिसले सुन्न नचाहेसम्म यो कुरा म मानिसलाई भन्न चाहन्नँ । मुस्किल बखतमा मैले याद गरेको कवि मसित छ भन्ने बोधबाहेक मसित कुनै ज्ञान छैन । म दु:खी के कुरामा छु भने संसारले बन्दुक धेरै बनायो, तर बुद्ध एउटाभन्दा बढी दिन सकेन । म संसारमा मानिसको बोली बदल्न आएको होइन । कविताले मलाई आफ्नै अनुहारको रङ

पनि बदल्ने आदेश दिएको छैन । भगवान्लाई मेरो प्रार्थना छ– 'भगवान् ! कसैसँग गठबन्धन नगर । र मलाई स्वतन्त्र गर ।' मानिससँग मेरो प्रार्थना छ– 'मानिस ! म तिमीलाई विश्वास गर्न चाहन्छु । एकछिन हतियार मन, वचन कर्मले बाहिर राख ।'

ऋग्वेद साक्षी छ । सृष्टिसँगै कविहरू आए । आफैँभित्रको हृदयको पत्र देखाए । सनसनीपूर्ण होइन, संवेदनाको प्रस्ताव देखाए । युद्धमा जीत शान्तिदूतको हुन्छ, कविहरूले नै फैसला सुनाए । स्रष्टालाई मात्र थाहा हुन्छ । सृष्टि क्षेत्र कहाँ छ र युद्ध क्षेत्र कहाँ । राजनीतिले मलाई भन्न दिन्छ भने म भन्छु कविहरू साचो अर्थमा योद्धा हुन् । म अहिले वानीराको कविलाई सेलेब्रेट गर्दै छु । ताराहरूबीचको जून वानीरा जो कविताबाट उदाइन् । र अस्त नहुने गरेर हिमालमाथि गएर बसिन् । नेपालले घुम्टो खोलेर देखाएको 'जीवन थाय्मरु' 'मेरो आविष्कार', 'काठमाडौँ काठमाडौँ' हाम्रो तस्बिर हो । नेपालको अनुहारको आविष्कार हो । सगरमाथासँगै लगेर कवितालाई उभ्याएकी वानीरा बाँचिन् । नबाँचेकी भए कविता मर्थ्यो । वानीराको दृश्य देखाउने दुई रत्न नरेन्द्र इन्दिरा हाम्रा अगाडि छन् । र हाम्रा अगाडि प्रेमी शङ्कर गिरि छन् ।

'पुनर्जागरण' (०५८.०५.०५)मा मेरो स्रष्टाको नामलाई 'एउटा काव्ययोद्धा' भनेर लेख्ने वानीराले नेपाली साहित्यको काव्यक्षेत्रमै एउटा युद्ध जितेर गइन् । देशले वानीरालाई यसै विजयका लागि 'नेपाली साहित्यका विश्वनारी रत्न' उपाधि दियो । स्रष्टा कहिल्यै नझुकेपछि सगरमाथालाई पनि आफ्नो उचाइ बढाउन कर लाग्छ । वानीराको कवितामा देशको एउटा शिर छ । स्वाभिमानको एउटा पहाड छ । आफ्नै छातीको एउटा समथर भूमि छ । वानीराको कविता, निबन्ध, उपन्यासमा एउटा चुनौतीपूर्ण विश्व छ । देश जुलुसमा हिँडिरहेको बेला स्रष्टाहरू देखिएका छन् । नेपालमा कविताको तपोभूमि छ ।

वानीराले बताएर गएको सत्य बताउँदै छन् कविहरू नयाँ आयाममा । संसार दिँदै छ बधाई असत्यको सातो खानेहरूलाई । जब कवि सोच्छ मान्छेको बारे, हुन्छ मान्छेको मन उथलपुथल । देशको मन उथलपुथल । राजनीति गर्नेहरूले आफूलाई जङ्गलमा रोखेको बेला देश खोज्छ एउटा प्रतिपक्ष । मानवभावना र संवेदनाको स्वतन्त्रताका लागि । त्यो प्रतिपक्ष रिमालमा बस्यो । भूपिमा बस्यो । अनि वानीरामा बस्यो । धेरैमा । मानवीय संवेदनाको शपथ कवितामा धेरै कविहरूले खाए । व्यासका लागि गीत ठूलो कुरा हो । र कविहरूले त्यो व्यास खोजिरहे । पुरस्कार र सजाय होइन । व्यासले गरेको तपस्यामा उनलाई आफ्नै नाम पनि चाहिन्न ।

अलर्ट छ आजको कवि आफ्नै कवितामा । कवि झूट बोले क्षमा दिन्न आफैँलाई । आफ्नै भूमिमा पुनर्स्थापित गर्छ । गुमेको स्वर्ग, मिल्टनझैँ । राजनीति देशमा दुर्घटना बनेको बेला वानीराको स्मरण एउटा घटना हो । संवेदनाको । कवि कब्जा गर्छ आफैँलाई स्वतन्त्र गर्न देश । स्वतन्त्र गर्न मानवभावना र उसको शिर । जब देशमा अँध्यारो पर्छ कवि आउँछ खुला गर्न रामको राज्य । देशलाई गाली गर्ने बेलामा जन्मन्छ हिटलर । प्रशंसा गर्ने बेलामा जन्मन्छ ह्विटमन । ईश्वरलाई हतियार चलाउने बेला जन्मन्छ नित्से । देशलाई प्रेम चढाउने बेला जन्मन्छ कविको देवकोटा । कुन बेला उभिन्छ देश कवि आयो भनेर । हेर्न बाँकी अर्को संसार यहाँ सधैँ छ । 'शाकुन्तल', 'तरुण तपसी', 'चिसो चुल्हो' 'ऋतम्भरा' कविहरूको हो ।

नेपाल व्यासले नै सपना देखेको देश हो । विश्वमा सबभन्दा पहिले शिवले कैलाश छोएको देश खोज्दै छन् कविहरू । स्रष्टालाई सपना बेचेको मन पर्दैन । देशले देखेको एउटा सपना हो वानीरा । ईश्वरवल्लभ, वैरागी काइँला, मोहन कोइराला । धेरै । हामी अहिले हेरिरहेछौँ वानीराले देशलाई दिएको निबन्धको सारी । उपन्यासको चोली । कविताको शिरपोस । देश कतैबाट मागिरहेछ नेपालको

मन । नेपालीको वचन । नेपालको कर्म जब कोही देशमा धूलो उडाउँछ । आउँछ आँधी । कविता र वानीरा ।

वानीराले कवितामा जाने घोषणा जब गरिन्, नइले वानीरालाई विश्वमा लाने घोषणा गऱ्यो । यसपछि गऱ्यो देशले आफ्नो आँखाको आँसु पुछ्ने घोषणा । सुतिरहेको देशलाई उठाए रिमालले । निदाइरहेको देशलाई ब्यूँझाए भूपीले । एउटी जुधारु कविलाई उडाए विश्वमा नइले । कवि चले धर्ती आफैँ चल्छ । उभिएका छन् स्वागत गर्न नरेन्द्र इन्दिरा । राजपथमा । खडा छन् शङ्कर गिरिहरू । समय भनिरहेछ वानीरा हाम्रो घमन्ड !

## २०८० सालको 'वानीरा प्रज्ञा पुरस्कार'बाट पुरस्कृत
# प्रा. पुष्कर लोहनीको भाषण

समारोहका सभापति श्रीमती इन्दिरा प्रसाईज्यू
वानीरा फाउन्डेसनका संस्थापक तथा संरक्षक इन्जिनियर शङ्कर गिरिज्यू
उपस्थित साहित्यप्रेमीहरू !

चर्चित कविको रूपमा देखा परेकी वानीरा गिरीलाई मैले २०१८ सालतिर काठमाडौँमा भेटेको थिएँ । धोवीधारास्थित एउटा घरमा रुद्रप्रसाद गिरीकी श्रीमती कामिनी गिरीलाई भेट्ने सिलसिलामा हाम्रो परिचय भएको थियो । त्यस बेला मेरो बसाइ धोवीधारामै थियो । कामिनी गिरीसँग हाम्रो पारिवारिक सम्बन्ध थियो ।

खर्साङनिवासी वानीरा गिरीले राजा महेन्द्रबाट छात्रवृत्ति पाएपछि उहाँ काठमाडौँमा नै बस्नुभयो र आफ्नो पढाइ पनि सिध्याउनुभयो । यही क्रममा दार्जिलिङ जाँदा दुई पटक उहाँको घर खर्साङमा जाने मैले मौका पाएँ । उहाँका घरमा चिया पिएर म दार्जिलिङ गएको थिएँ । वानीरा गिरी र मेरो काठमाडौँमा बराबर भेट भइरहन्थ्यो– कामिनी दिदीको कोठामा । जहाँ प्रदीप गिरी पनि आउनुहुन्थ्यो र त्यहीँको भेटघाटले पछिसम्म पनि उहाँ र मेरोबीच आत्मीयता रहिरह्‌यो । वानीरा गिरीसँगको मित्रताले लिएको आत्मीयता पनि त्यही थलोले गर्दा नै भएको हो । साहित्यमा गहिरो चिन्तन लिने वानीरा गिरीले अध्यापन र साहित्यलेखनलाई साथसाथै लिएर हिँड्नुभयो ।

संस्कारले व्यक्तिलाई प्रभाव पार्छ । त्यही प्रभावको आधारमा विकास गर्न सक्यो भने एउटा भिन्दै किसिमको वातावरणको सिर्जना हुन्छ । वानीरा गिरीले दार्जिलिङ संस्कारभित्रको मान्यतालाई काठमाडौँ आएर आफूसुहाउँदो वातावरण तयार पार्ने काम आफ्नै किसिमले गर्न पुग्नुभयो र धेरै सफलता पनि पाउनुभयो ।

साहित्यमा चाख लिनुको साथै लेखनपट्टि पनि हात हाल्न पुग्दा उहाँले आफ्नै परिवेशलाई नयाँ ढाँचामा ढाल्न सफल हुनुभयो । पेसा माध्यम बन्यो लेखन फुर्सतलाई जाँगरिलो बनाउने दिशातिर लाग्यो । उहाँसँगैका कति प्राध्यापकहरूले जस्ताको तस्तै रूपमा समयलाई छाडिदिनुभयो । हुन त दार्जिलिङ नेपाली साहित्यका लागि प्रेरणा दिने थलो नै बनिसकेको थियो । झन् त्यहाँबाट फर्केकाहरूले अध्यापन र साहित्यलेखनलाई आफ्नो पेसा नै बनाउन थाले ।

वानीरा गिरीले पाएको मौकालाई यसै खेर फाल्ने काम नगरेकाले नै उहाँले चाँडै नै उन्नति गर्नुभयो । नारी साहित्यकारहरू कम भएको बेला उहाँले आफूभित्रको चेतनालाई सही रूपमा प्रयोग गर्न पछि पर्नु भएन । सुरुमा नै उहाँले 'एउटा जिउँदो जङ्गबहादुर' कविता निकाल्नुभयो । कविताबाट सुरु भएको लेखनले उपन्यासकार तथा निबन्धकार बन्ने सौभाग्य पनि पायो । थोरै समयमा आफ्नो स्थान बनाउन सक्नु नै उहाँका लागि ठूलो सफलता हो । चर्चित रूपमा देखा मात्र पर्नु भएन आफ्नो स्थान राम्रै किसिमले राख्न पनि त्यतिकै मात्रामा सफल हुनुभएको छ ।

बधाई छ वानीरा गिरीलाई । उहाँका रचनालाई समयले अवश्य पनि मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

अब मेरो कुरा– काठमाडौँको रैथाने परिवारमा जन्मिएको पुष्कर लोहनीको जन्म १९९५ साल चैत २० गते डिल्लीबजारस्थित ज्ञानेश्वरमा भएको थियो । बाबुको एउटै छोरोको रूपमा हुर्केको तथा

शिक्षादीक्षा राम्रैसित पाएकोले सुरुदेखि नै बाटो सोझिनुमा अचम्म मान्नुपर्ने थिएन । हुन त पारिवारिक जीवनमा घटेका अनेक घटनाले परिवर्तन त लिएर आउँछ नै । बाबुले घर छाडेर हिँडेको र उनैको पछि लागेर कोरिएका गोरेटाहरूको कथाव्यथा पनि नभएका होइनन् । छन्, प्रशस्त छन्– इतिहास बन्नका लागि ।

सुविधा र सम्पन्नताले मात्र मान्छेलाई मान्छे बनाउँदैन । हण्डर खानैपर्छ र भोगेका अनुभवलाई सम्प्रेषण गर्न सक्नुपर्छ भन्ने कुरा केटाकेटीदेखि नै बाबु होमप्रसाद लोहनी र गोविन्दप्रसाद लोहनीबाट पुष्कर लोहनीले शिक्षा पाएको थियो । साथै आफैँले जीवनमा भोग्नै आएको थियो । राम्रो निर्देशन र लगनशीलताले एउटा विद्रोही आवाज निस्किनु स्वभाविकै हो । अभावले मानिसलाई सङ्घर्षशील बनाइदिन्छ, एउटा गोरेटो तयार पारिदिन्छ र भरेङ उक्लिन साथ दिन्छ ।

बाध्यताले साहित्यकार बनायो पुष्कर लोहनीलाई र हरेक विधामा हात चलाउने बाध्यता सिर्जना भयो । नौलो प्रयोग र नयाँ आयाम लिएर अघि बढ्दा धेरै कठिनाइहरू भोग्नु नपरेको होइन । भोगेँ– अघि बढेँ बौद्धिकतासाथ । सिक्ने र सिकाउने वातावरण बनाइदिएँ सबैलाई । २०१४ सालदेखि हालसम्म एकनाससित एउटै सिद्धान्तलाई अङ्गालिरहेँ प्रेम, प्रणय र यौन मान्यतालाई काँधमा राखेर अघि बढेँ । कति सफल भएँ कति असफल त्यो मैले भन्ने कुरा होइन । पाठक र समयको हातमा सुम्पेको छु ।

प्राप्तिका लागि म हात थाप्न पुगिनँ । स्वस्थ बौद्धिक वातावरणका लागि सकेसम्म मैले अरूलाई प्रेरणा दिएँ ।

विश्वास लाग्यो 'नइ'को अभियान । झन् त्यसमाथि 'वानीरा फाउन्डेसन'ले आस्था जगायो । 'वानीरा प्रज्ञा पुरस्कार' स्वीकार गरेँ । खुसी लाग्यो धेरै नै !

सबभन्दा ठूलो श्रेय ई.शङ्कर गिरीजीलाई दिन्छु । जसले एउटा साहित्यकार पत्नीका लागि त्यति ठूलो रकम दिएर फाउन्डेसन खोलिदिनुभयो । अझ उदारतासाथ आफूले मात्र सङ्कीर्ण रूप नराखेर खुला रूपमा सबैको साझा बनाइदिएर नेपाली साहित्यका विश्व नारी रत्न डा.वानीरा गिरीका नाउँमा 'वानीरा फाउन्डेसन'जस्तो संस्था एउटा साधारण व्यक्तिले स्थापना गर्नु र त्यसलाई चलाउन र सुचारु रूपले स्थायित्व दिनका लागि नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईलाई जिम्मा दिनु नेपाली साहित्यको विकासका लागि अहोभाग्य ठाने हुन्छ । 'नइ' एउटा स्थापित र स्वस्थ विचार र स्वस्थ वातावरण तयार पार्ने अभियानमा लागेको संस्था भने हुन्छ । त्यही विश्वासमा मैले उहाँहरूको अभियानलाई टेवा दिनका लागि उहाँहरूको बचनलाई स्वीकार गर्ने गर्छु । स्वस्थ वातावरणका लागि मबाट सबैले सहयोग अवश्य पाउने नै छन् । वास्तवमा यहाँ काम गर्नेहरूभन्दा हल्ला गर्नेहरूको जनसङ्ख्या धेरै छ । नइ काममा मात्र विश्वास गर्ने सुपरिचित पात्र हो ।

वानीरा फाउन्डेसनजस्तो उच्चस्तरीय संस्था जुन संस्था एक जना सफल स्रष्टाकै नाममा स्थापित छ । त्यस संस्थाबाट पुरस्कृत हुँदा मलाई थप गर्व लागेको । यहाँ मलाई अर्को कुरा पनि भन्न मन लागेको छ– मेरो जीवनमा मैले साहित्यिक पुरस्कार ग्रहण गरेको नै यो पहिलो पल्ट हो । नेपाली साहित्यका विश्व नारी रत्न डा.वानीरा गिरीका नाममा स्थापित 'वानीरा प्रज्ञा पुरस्कार'लाई मैले मेरो जीवनकै साहित्यिक प्राप्ति ठान्न पुगें ।

'वानीरा प्रज्ञा पुरस्कार'मा मलाई छनौट गर्नेहरूप्रति कृतार्थ छु । साथै मसँगै 'वानीरा शङ्कर पुरस्कार'बाट पुरस्कृत नाटचभूषण मदनदास श्रेष्ठ र 'वानीरा पुरस्कार'बाट पुरस्कृत अनिता तुलाधरलाई पनि बधाई ज्ञापन गर्दै उपस्थित सम्पूर्ण महानुभावहरूमा धन्यवाद ज्ञापन गरेको छु ।

## २०८० सालको 'वानीरा शङ्कर पुरस्कार'बाट पुरस्कृत
# नाट्यभूषण श्री मदनदास श्रेष्ठको वक्तव्य

सर्वप्रथम त नेपाली कला, भाषासाहित्य सेवामा निरन्तर खटिरहने र यसमा खटिन प्रेरणा दिनुहुने यहाँ उपस्थित सबैमा हार्दिक अभिवादन गर्न गर्दछु । कलाक्षेत्रमा समर्पित साहित्यानुरागी मान्छे म कलासाहित्यसँग सम्बन्धित व्यक्तित्वको चर्चा नगरी रहनै सक्दिनँ । समाजसेवा मेरो जीवनको अर्को पाटो हो । अनि यस्तै क्षेत्रमा नाम कमाएका व्यक्तित्वसँग जोडिन पाउनु एउटा अहोभाग्य नै हो । आजको यो पुरस्कार प्रदान गरिने समारोहले पनि मलाई यस्तै बनाएको छ । नेपाली भाषासाहित्यकी उच्च उपासक, नारीचुली तथा सामाजिक व्यक्तित्व वानीरा गिरिलाई नचिन्ने को होला र ? म उहाँको घरसम्म पुगेर साहित्यिक भलाकुसारी त गर्न पाइनँ तर साहित्यसँग जोडिएका विभिन्न कार्यक्रमहरूमा म उहाँसँग नजिकिन पुगेको छु, उहाँको सान्निध्य पाएको छु । नेपाली भाषासाहित्यका उपासक उहाँलाई म श्रद्धाका साथ अर्चना गर्न चाहन्छु ।

प्राध्यापक वानीरा गिरि नेपालको शिक्षा क्षेत्रमा पनि अग्रणी नाम हो । उहाँका विद्यार्थीहरू उहाँजस्तो गुरुआमा पाएर आज पनि आफूलाई भाग्यमानी ठान्छन् । उहाँले सिर्जना तथा शिक्षा दुवै तर्फबाट नेपाली भाषासाहित्यको सेवा गर्नुभयो । व्यक्तिका मनभित्र पसेर मनलाई पढ्न सक्ने गिरिको लेखनशैली बेग्लै किसिमको छ । नेपाली उपन्यास, कविता तथा निबन्ध क्षेत्रमा कलम चलाउने डा.

वानीरा गिरी नेपाली साहित्यमा विद्यावारिधि गर्ने प्रथम महिला पनि हुनुहुन्छ । नारी शिक्षाकै कमजोर अवस्था देखिएको बेला अध्ययन गरेर विद्यावारिधिसमेत गर्नु चानचुने कुरा थिएन । उहाँको अध्ययनले नेपाली नारी शिक्षामा थप प्रेरणा दिन सघाउ पुऱ्याएको छ । नेपाली नारीहरूले पनि केही गरेर देखाउन सक्छन् भन्ने बेहोराको उहाँ उदाहरण बन्नुभएको हो ।

कोरोना सङ्क्रमणले नेपाल मात्र नभई विश्व नै तहसनहस पारेको थियो । यसै समयमा एकअर्काको सम्पर्क तथा भेटघाट गर्न निकै कठिन मात्र होइन असहज स्थिति नै थियो । यसै समयमा हामीले यस्ता होनहार व्यक्तित्वलाई गुमाउन पुग्यौँ । यसले नेपाली साहित्यिक क्षेत्रको विशाल खम्बा नै ढलेको महसुस नेपाली भाषासाहित्यप्रेमीहरूले गरे । नेपाली साहित्यलाई विश्वसामु पुऱ्याउने यस्ता व्यक्तित्वको बिछोडले नेपाली साहित्यानुरागीलाई निकै पीडा दिएको थियो । त्यति मात्र होइन यस्ता व्यक्तित्वलाई त्यस बेला भौतिक रूपमा श्रद्धाञ्जली अर्पण गर्न पनि डरानुपर्ने स्थितिले झन् पीडामाथि पीडा थपेको थियो । त्यस समयमा भौतिक रूपमा श्रद्धाञ्जली दिने कम भए पनि घरभित्रै रहेर आत्मिक रूपले श्रद्धाञ्जली दिने भने प्रशस्तै थिए ।

वानीरा फाउन्डेसनको स्थापनाले यस्ता व्यक्तित्वको राम्रो सम्मान भएको अनुभूति भएको छ । आफ्नी जीवनसङ्गिनीको योगदालाई जीवन्त राख्न इन्जिनियर श्रद्धेय शङ्कर गिरिले गरेको योगदान अनुकरणीय छ । उहाँले यस धनलाई आफ्नै स्वार्थका लागि वा आफ्नो व्यक्तिगत प्रयोगका लागि उपयोग गर्न सक्नुहुन्थ्यो तर उहाँको उदार हृदयले गर्दा आज हामीले वानीरा गिरिलाई आफ्नै अगाडि देख्न पाएको जस्तो आभास भएको छ ।

वानीरा फाउन्डेसन सबै नेपाली वाङ्मयप्रेमीहरूका लागि एउटा महत्त्वपूर्ण थलो बन्न पुगेको छ । यसै कारणले गर्दा आज यति

धेरै व्यक्तिका माझमा हामीलाई नेपाली साहित्यकी एक महारथीलाई स्मरण गर्ने मौका प्राप्त भएको छ ।

छयत्तर वर्षको यो जीवनयात्रामा मैले के गरेँ के गरिनँ भन्ने कुरा बेग्लै कुरा हो तर मेरो जीवनको उत्तरार्धमा यो पुरस्कार पाउँदा जीवनभरिकै खुसी पाएको आभास भएको छ । छयत्तर वर्षबाट मेरो मन छब्बिस वर्षको तन्नेरी बन्न पुगेको छ । यत्रो ठूलो राशिको पुरस्कार पाउनुले एकातिर नयाँ उत्साह थपिएको छ भने अर्कातिर नेपाली भाषासाहित्यमा मेरो जिम्मेवारी थपिएको अनुभूति मैले गरेको छु । अब जिम्मेवारीलाई टिकाइराख्न अझ सक्रिय भएर म नेपाली भाषासाहित्यमा लाग्नुपर्ने बोध गरेको छु । राज्यले दिन नसकेको वा दिने प्रयास नगरेको यस्ताखाले सम्मान पाउनु जुनसुकै क्षेत्रमा दत्तचित्त भएर लाग्नेहरूका निम्ति प्रेरणाको स्रोत बन्ने गर्छ ।

वानीरा गिरी जिवितै रहँदा उहाँलाई प्रधानमन्त्रीबाटै रथारोहण गराएर ‘नेपाली साहित्यका विश्व नारी रत्न’ उपाधिले सम्मान गरिनु चानचुने कुरा होइन । यो उहाँले नेपाली भाषासाहित्यमा दिएको योगदानको कदर हो । त्यो समारोह विश्वका बाइस राष्ट्रका नारी साहित्यकारहरूका प्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न भएको थियो । यसलाई जनमानसबाटै अनुमोदन गरिएको थियो । यस्ता व्यक्तित्वको नामसँग जोडिएको पुरस्कार प्राप्त गर्नु मेरा लागि ठूलो अहोभाग्य हो । आजको यो महत्त्वपूर्ण घडीमा डा.वानीरा गिरिलाई स्मरण गरी श्रद्धाञ्जली अर्पण गर्दै मेरा भनाइ यही टुङ्ग्याउँछु, जय होस्; धन्यवाद !

## २०८० सालको 'वानीरा पुरस्कार'बाट पुरस्कृत
# श्रीमती अनिता तुलाधरको वक्तव्य

सर्वप्रथम यहाँ उपस्थित हुनुहुने सबै साहित्यानुरागी महानुभावहरूमा हार्दिक अभिवादन गर्दछु । साथै स्वर्गीय गुरुआमा डा.वानीरा गिरिप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । वानीरा गिरि नेपाली साहित्यजगत्मा एउटा यस्तो अविस्मरणीय नाम हो जोविना नेपाली साहित्य अधुरै रहन्छ । उहाँ मेरा निम्ति साहित्यकारभन्दा पहिले गुरुआमा हुनुहुन्थ्यो अर्थात् सर्वप्रथम मैले उहाँलाई गुरुआमाका रूपमा पाएकी हुँ । २०२४-०२५ सालतिर म पद्मकन्या कलेजमा अध्ययनार्थ भर्ना भएकी थिएँ । सोही क्रममा उहाँले हामीलाई नेपाली पढाउनुहुन्थ्यो । बिस्तारैबिस्तारै मैले उहाँलाई लेखिकाका रूपमा पनि चिन्ने मौका पाएँ । उहाँ निकै फुर्तिलो र जागरिलो हुनुहुन्थ्यो । उहाँको उपस्थितिले गर्दा त्यहाँको वातावरण नै केही गरौँ, केही गरौँ जस्तो हुन्थ्यो । त्यसमाथि उहाँको स्वरमा पनि निकै कमान्डिङ थियो । उहाँलाई देख्नेबित्तिकै उहाँको छुट्टै व्यक्तित्व झल्कन्थ्यो ।

एक त नेपालीको विद्यार्थी अर्को गुरुआमा नै साहित्यकार अनि उहाँका कृतिहरू नपढ्ने त कुरै भएन । म उहाँका किताबहरू पढ्दै गएँ र उहाँलाई झन नजिकबाट चिन्ने मौका पाएँ । त्यति बेला पद्मकन्या कलेजमा शुक्रबारे कार्यक्रमअन्तर्गत विभिन्न किसिमका क्रियाकलापहरू हुन्थे । यसै क्रममा प्रा.शिवगोपाल रिसाल लगायतका व्यक्तित्वको प्रवचन पनि सुन्न पाइन्थ्यो । शुक्रबारे अतिरिक्त

क्रियाकलापमा हुने कवि गोष्ठीमा मैले पनि भाग लिन्थेँ र गुरुआमा वानीरा गिरि यसको निर्णायकका रूपमा उपस्थित हुनुहुन्थ्यो ।

यसपछि लामो समयसम्म भौतिक रूपमा वानीरा गुरुआमासँग मेरो भेट भएन । साहित्यिक कृतिका माध्यमबाट भने म सधैँ उहाँको नजिक रहिरहेँ । समयको खेल भनौँ वा के भनौँ उहाँसँग नजिकिने एउटा बाहना मलाई मिल्यो । त्रिमूर्ति निकेतनबाट २०७१ सालमा विश्वनारी नेपाली साहित्य सम्मेलनको आयोजना भयो ।

वागमती अञ्चलको अध्यक्षको नाताले मैले पनि यसमा सक्रिय रूपमा सहभागी हुने अवसर प्राप्त गरेकी थिएँ र उहाँलाई अझ नजिक पाएकी थिएँ । यही सम्मेलनका क्रममा म उहाँको निवासमा विविध विषयमा छलफल गर्न गएकी थिएँ । यसले गर्दा म अझ उहाँको निकट हुन गएकी थिएँ । एक पटक म उहाँलाई भेट्न जाँदा उहाँ बिरामी हुनुभएको रहेछ तर हामी पुगेपछि उहाँ बिरामी भएको कुनै छनक नै देखिएन ।

उहाँ हामीलाई स्वागत गर्न तम्तयार भएर रहनुभएको रहेछ । बिरामी नभएको मान्छेले झैँ हामीबीच कुराकानी भयो । कलेजमा उहाँले पढाउँदाको जोस् र जाँगर सधैँ उत्तिकै ताजा रहेको मैले पाएँ ।

उहाँसँगको मेरो भेटमा म मात्र नभई मेरो छोरा पनि लाभान्वित भएका थिए । मैले कुनै सवारी साधन चलाउने गर्दिनथेँ । यसैले मेरो छोराले उहाँसँग भेट्नका लागि लैजाने र ल्याउने गर्थे । यसै क्रममा उहाँले मेरा छोराप्रति पनि चासो देखाएर उसको पढाइ आदिका बारेमा सोधेर भविष्यको मार्गदर्शन पनि गराउनुहुन्थ्यो । यसैले होला मेरो छोरालाई त्यहाँ जाँदा खुबै रमाइलो लाग्थ्यो ।

विश्व नारी नेपाली साहित्य सम्मेलनका कार्यहरू सकिएपछि उहाँसँग त्यसरी नजिकिएर भेट गर्ने मौका मिलेको थिएन । पछि कोरोनाको महामारी आयो जसले गर्दा घरबाट निस्कन नसकिने

अवस्था सिर्जना भयो र उहाँसँग भेट भएन । यही समयमा उहाँले भौतिक शरीर त्याग गर्नुभयो । जे भए पनि अहिले वानीरा फाउन्डेसनको स्थापनापछि फेरि उहाँसँगको मेरो आत्मीयताको हाँगा फैलिएको छ । भौतिक शरीर नभए पनि उहाँको स्मृतिमा स्थापना गरिएको वानीरा फाउन्डेसनले उहाँलाई सधैँ जीवन्त राख्नेछ । इन्जिनियर शङ्कर गिरिजस्ता पति पाउनु वानीरा गुरुआमाको भाग्य हो । शङ्कर गिरिजीले आफ्नी पत्नीप्रतिको स्नेह, सम्मानका रूपमा वानीरा फाउन्डेसनको स्थापना गर्नुभएको हो ।

वानीरा गुरुआमाको प्रतिभाको कदर गर्दै त्रिमूर्ति निकेतनको पहलमा आयोजित विश्व नारी नेपाली साहित्य सम्मेलनमा उहाँलाई २०७१ सालमा 'नेपाली साहित्यका विश्वनारी रत्न'उपाधि प्रदान गरियो । त्यो वानीरा गुरुआमाको साहित्यिक क्षमताको सम्मान गरिएको हो ।

मेरी गुरुआमाका नाममा स्थापित 'वानीरा पुरस्कार' पाउँदा मलाई हर्षको सीमा नै रहेन । अन्तमा मेरी श्रद्धेय गुआमालाई स्मरण गर्दै मेरा भनाइहरू यही अन्त गर्दछु । धन्यवाद ।



# वानीरा फाउन्डेसनका दाता तथा संस्थापकको परिचय

**इन्जिनियर श्री शङ्कर गिरि**

**बुबा**
जगतलाल गिरि

**आमा**
रत्नमाया गिरि

**जन्म**
१९९७ जेठ १९ गते (धनुषा, जनकपुर)

**शिक्षा**
एमई (सन् १९६६ : सोभियत रूस, मास्को)

**सेवा**
नेपाल सरकारको तृतीय श्रेणी अधिकृतदेखि प्रथम श्रेणी अधिकृतसम्म (२०२३–२०५५)

**भ्रमण**
मेची महाकालीलगायत विश्वका प्राय: सबै भूभाग

# वानीरा फाउन्डेसनको गठन

**संस्थापक तथा संरक्षक**
ई. शङ्कर गिरि

**अध्यक्ष**
श्रीमती इन्दिरा प्रसाई

**उपाध्यक्ष**
श्री पुष्कर गिरि

**कोषाध्यक्ष**
श्री सुबोध गिरि

**सदस्यहरू**
श्री अणुराज जोशी
श्रीमती अपराजिता गिरि
प्रा.डा. ऋषिराम शर्मा
श्री गोपाल पराजुली
श्री ठाकुर शर्मा
श्री बाबुराम गिरि
श्रीमती भगवती बस्नेत
डा. रामभक्त ठाकुर
श्रीमती ललिता 'दोषी'
डा. हरिप्रसाद पोखरेल 'मानसाग्नि'
डा. ज्ञानेन्द्रचन्द्र श्रेष्ठ

**सदस्यसचिव**
श्री नरेन्द्रराज प्रसाई

# वानीरा सङ्ग्रहालय




banirafoundation@gmail.com
banira.com.np

ISBN 978-9937-1-3865-9
9 789937 138659

२